Vol. 1, Issue 2, November 2013

HOT NEPAL
हट नेपाल

वर्ष १, अंक २, नोभेम्बर-पुस २०७०, मूल्य रू ३०।-

उषाको संस्कृत मोह

त्रिशाग्निको
बौद्धिक सुन्दरता



बुझ्नेलाई बुटिक

ज्याकी चेनको
सङ्घर्ष

अविवाहित तर भर्जिन होइन

चौबीसै घण्टा खुल्ला रहने
एयरपोर्टदेखि नै यातायातको व्यवस्था
मीठो र स्वस्थ खाना
तातो चिसो पानीको व्यवस्था
सुविधासम्पन्न कोठा
सस्तो राम्रो गेष्ट हाउस
मित्र गेष्ट हाउस
एयरपोर्ट गेटको ठीक अगाडि
फोन नं: ०१-४४८३९८७, ९८४१६३१९५१

Wide coverage of more than 20 districts from Himal to Terai

- Operating Since 2007
- Cent Percent Yours
- High Technology Transmission

Our sector of interest:

- Tourist Guide
- Consumer Guide
- Development Guide
- Entertainment Guide
- News/Information Guide

Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.

capitalFM™ 92.4 cent percent yours.....

P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com

HOT NEPAL
हट नेपाल
का.जि.का.द.नं. २१६/०७०/०७१

आवरण तस्वीर : राजीव श्रेष्ठ

प्रधान सम्पादक
ब्याकुल पाठक

सम्पादक
श्याम स्मृत

प्राविधिक निर्देशक
अशोकमान सिं

फोटोग्राफर
राजीव श्रेष्ठ
अजय देशार

लेआउट/ग्राफिक
श्याम स्याङ्बो

प्रमुख अधिकृत वितरक
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
काठमाडौं
फोन : ०१-४२४७२४१

मुद्रण
प्रिजम कलर स्क्यानिङ
एण्ड प्रेस सपोर्ट प्रालि
कुलेश्वर, काठमाडौं

प्रकाशक
ड्रिम नेपाल पब्लिकेशन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

१२
लिट्टल चाइनामा सिचुवान स्वाद
लिट्टल चाइना रेष्टुरेन्टमा चीनको सिचुवान प्रान्तका खानाको बढी माग हुने गरेको छ। सिचुवानको खानामा बढी टिमुर र पिरो प्रयोग हुने भएकोले नेपालीले पनि यो खाना रूचाउने गरेका छन्।

१८
सूर्य थुलुङ शहीदको चेला
म शहीदको चेलो हुँ । मैले पहिलो पल्ट मेरो आदर्श गुरू शहीद रत्न बान्तवाको प्रेरणाले गाएको 'मेरा गल्लीका भोका-नाङ्गाहरू...' पहिलो जनवादी गीत थियो ।

१५
छोरीको पीडाले समाजसेवा
पूर्ण अपाङ्गता भएको छोरी जन्माउने भनेर महिना दिन नपुग्दै श्रीमान्ले घरबाट निकालेपछि माइतीमा छोरी हुर्काएको यथार्थ 'हट नेपाल'लाई सुनाउँदा रत्नकुमारीको आँखाबाट बलिन्द्र आँसु चुहिएको थियो ।

२०
चुम्बन चर्चा
रिलिजको मिति कुरेर बसेको चलचित्र 'मेरो जीवनसाथी'को सेटमा नायक राजेश हमाल र सुष्मा कार्कीबीचको टङकिसको चर्चा छ। हमालको व्यक्तित्वले डराएकी सुष्माले त्यसबेला 'स्मोक' गरेकी थिइन् । चुरोटको गन्धलाई सहेरै भए पनि हमालले उक्त दृश्य दिएको थियो ।

२६
बुइनेलाई बुटिक
जसरी खान जानिन्छ, त्यसरी नै लाउन जान्नुपर्दछ । लाउन जानेपछि राम्ररी बस्न पनि जानिन्छ । यो ध्रुवसत्य हो । बाँच्नको लागि गाँस, बास र कपासको आवश्यकता हुन्छ भन्ने परापूर्वकालदेखिको भनाइ आजसम्म पनि सार्थक भइरहेको छ । शरीर सुहाउँदो नाप-जाँच गरेर र सिजनअनुसार पहिरन लगाइयो भने सुन्दरतामा केही हदसम्म सहयोग पुऱ्याउँछ ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, a monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय

सुखसन्तोष र आनन्द

देश विकसित हुँदै गएमा र नागरिक धनी बन्न थालेमा कला, मनोरञ्जन, फेसन, होटल-रेष्टुरेन्ट, पर्यटनजस्ता जीवनलाई आनन्द दिने क्षेत्रको विकास हुन थाल्छ । आर्थिक क्षेत्र कमजोर हुनासाथ यी क्षेत्रले फैलने र फस्टाउने अवसर पाउँदैनन् । आर्थिक विकास मुलुकको सुशासनसँग जोडिएको छ । स्थिर राजनीतिक व्यवस्था र सुशासनयुक्त प्रशासन नभई आर्थिक विकास हुन सक्दैन । हो, यिनै कुराको तालमेल नमिलेकोले नेपालमा मनोरञ्जन उद्योगको विकास हुन सकेको छैन । आन्तरिक र बाह्य पर्यटनको विकास भएमा होटल-रेष्टुरेन्ट, ट्राभल-ट्रेकिङ तथा फेसन उद्योगले फस्टाउने अवसर पाउँछ । पर्यटन उद्योगको आत्मा शान्तिसुव्यवस्था हो । जुनसुकै बेला निर्धक्क भएर मुलुकको जुनसुकै स्थानमा हिँडडुल गर्न सकिने अवस्था नभएमा स्वदेशी हुन् वा विदेशी पर्यटक आकर्षित हुन सक्दैनन् ।

दशवर्षे द्वन्द्वपछि शान्तिप्रक्रियामा आएको पनि सात वर्ष भइसकेको छ । यसबीचमा सम्पूर्ण राजनीतिक मुद्दा टुंगो लगाएर आर्थिक विषयमा मात्र केन्द्रित हुनुपर्ने थियो । दुई वर्षमा संविधान बनाएर बाँकी पाँच वर्ष विकास निर्माणमा लगाइएको भए अहिलेसम्म यस क्षेत्रमा धेरै काम भइसकेको हुने थियो । राजनीतिक दल र नेताहरू त पुरै समय राजनीतिक खिचातानीमै अलमलिए अलमलिए, यस कालमा मुलुकका सबै पेसा-व्यवसाय गर्ने व्यक्तिहरू राजनीतिकै परिधिभन्दा बाहिर निस्कन सकेनन् । राजनीतिक विकासक्रम जेसुकै भइरहोस्, हामी आफ्नो काम गरौं भन्ने सोच कसैमा आएन । दुईजना भेट हुनासाथ कुरा चल्न थाल्छ उही राजनीतिकै । हुन त नेपालको राजनीतिले सबै क्षेत्रमा छुने र प्रभाव पार्ने भएकोले पनि यो बाध्यता आएको हुनसक्छ । यसमा दोष कसैलाई दिनुभन्दा पनि वर्षौंदेखिको राजनीतिक संस्कारकै मान्न सकिन्छ ।

नोभेम्बर-डिसेम्बर नेपालको पर्यटक आगमन महिना हुन् । अनि मंसिर बाली भित्र्याउने याम हो । यो अवधिमा यस पटक सबैभन्दा बढी राजनीतिको कामकुरा भए । पहिलो संविधानसभाले संविधान दिन नसकेपछि संविधानसभाको अर्को निर्वाचन गर्न बाध्यात्मक अवस्था आयो अनि मंसिरमै निर्वाचन गर्न प्रमुख दलको सहमति बन्यो । देशलाई दीर्घकालसम्म महत्व राख्ने संविधान बनाउनका लागि भएको निर्वाचनका लागि पर्यटकीय महिना तथा बाली भित्र्याउने याम भए पनि व्यवसायी र जनताले सम्झौता गरेका थिए । राजनीतिक नेतृत्व तहले चाहेपछि व्यवसायी र जनवर्गले अस्वीकार गर्ने र नमान्ने भन्ने पनि थिएन । अहिले तथ्याङ्कले के बोलेका छन् भने संविधानसभा निर्वाचनले मुलुक राजनीतिमय हुँदा धेरै होटलहरू खाली हुनपुगे, जब कि गतवर्ष यस अवधिमा पर्यटकलाई कोठा पुऱ्याउन मुश्किल हुनेगर्थ्यो ।

पर्यटक आगमन कम भएपछि केवल तारे होटलको मात्र व्यवसाय घट्ने होइन, गल्लीको चियापसलदेखि फुटपाथको क्युरियो शपसम्म असर पर्छ । नेपालको विकासको मूल आधार नै पर्यटन र जलस्रोत हुन् । यी दुई क्षेत्रमा चाहे जतिसुकै ठूलो संकट र चुनौती आए पनि समस्या नपार्ने राजनीतिक प्रतिबद्धता हुनुपर्थ्यो तर यस्तो दीर्घ सोचाइ कुनै पनि राजनीतिक दलमा देखिएको छैन । यसकै फलस्वरूप यो याममा राजनीतिक खेती बढी हुँदा मुलुकले करोडौं विदेशी मुद्रा गुमाउनु परेको छ । एकातिर निर्वाचनका लागि अर्बौं खर्च भयो भने अर्कोतिर पर्यटन र अन्य आर्थिक क्रियाकलाप रोकिंदा करोडौं आम्दानी गुमेको छ । यस किसिमको बहस सुरू भएको धेरै भइसक्यो तर कार्यान्वयन हुन सकिरहेको छैन । अब मुलुकमा व्यावसायिक मानिसले व्यवसाय मात्रै गर्न पाउनुपर्ने वातावरण हुनुपर्छ, राजनीति गर्नेले व्यवसायमा असर पर्ने किसिमका कामकुरा जानेर होस् अथवा नजानेर गर्दै गर्नुहुन्न । अहिलेको संविधानसभाको संरचना जस्तो बन्यो, बन्यो अब यसमा सन्तुष्टि-असन्तुष्टि जनाउनुभन्दा कुन उपायबाट संविधान बनाउन सकिन्छ भन्नेमा बहस केन्द्रित गर्नुपर्छ । यसो भएमा मात्र मुलुकमा समृद्धि आउनेछ, जनताले सुखसन्तोष र आमोदप्रमोदयुक्त जीवन बाँच्न पाउने छन् ।

व्याकुल पाठक
प्रधान सम्पादक

नेपालको विकासको मूल आधार नै पर्यटन र जलस्रोत हुन् । यी दुई क्षेत्रमा चाहे जतिसुकै ठूलो संकट र चुनौती आए पनि समस्या नपार्ने राजनीतिक प्रतिबद्धता हुनुपर्थ्यो तर यस्तो दीर्घ सोचाइ कुनै पनि राजनीतिक दलमा देखिएको छैन । यसकै फलस्वरूप यो याममा राजनीतिक खेती बढी हुँदा मुलुकले करोडौं विदेशी मुद्रा गुमाउनु परेको छ ।

प्रवेशांक उत्कृष्ट लाग्यो

हट नेपाल मासिकको पहिलो अंक हेर्ने मौका पाएँ । प्रवेशांक भए पनि मलाई यो पत्रिका उत्कृष्ट लाग्यो । यसको साजसज्जा तथा शैली अत्यन्त मन पऱ्यो । प्रत्येक अंक यस्तै विशेष होस् । सफलताको हार्दिक शुभकामना !

-किशोर पिया, लमजुङ

लोभलाग्दो कभर

हट नेपालको प्रवेश अंकको कभर फोटो साँच्चै लोभलाग्दो लाग्यो । सबै परिवार बसेर हेर्न मिल्ने बडा राम्रो लाग्यो । कभर-गर्ल जोस्ना फुयाँलको फोटो खिच्ने र उक्त फोटोलाई कभरमा स्थान दिने सम्पादक ज्यूलाई हार्दिक बधाई ! फोटो चयन मलाई ज्यादै मन पऱ्यो । यस्तै उत्कृष्ट फोटोको आगामी अंकहरूमा पनि म अपेक्षा गर्दछु ।

-सुसीता श्रेष्ठ, नवलपरासी

मूल्य कम खुराक राम्रो

मनोरञ्जनात्मक, जीवनशैलीको व्यग्लै पत्रिका हट नेपालको पहिलो अंक नै गजबको लाग्यो । मूल्य कम भए पनि खुराक राम्रो लाग्यो । ग्ल्यामर क्षेत्रका पहिला व्यक्तित्वहरूको पहिचानले यस अंकलाई उत्कृष्ट बनाएको छ ।

-राजु न्यौपाने, चितवन

ब्युटी टिप्स मन पऱ्यो

पहिला त हट नेपाल फिल्म पत्रिका पो हो कि भन्ने लागेको थियो । हेर्दै जाँदा त्यो होइन रहेछ । सबै खाले विषयवस्तुलाई महत्व दिएको रहेछ । मलाई ब्युटी टिप्स मन पऱ्यो ।

-निर्मला खड्का, कलंकी, काठमाडौं

ब्रुसली मन पऱ्यो...

'हट नेपाल' मासिक पत्रिकाको पहिलो अंकमा मेरा प्रिय मार्सलआर्ट्स खेलाडी तथा फिल्मनायक ब्रुस लीका बारेमा जानकारीमूलक लेख प्रकाशित गरिदिनुभएकोमा विशेष धन्यवाद ज्ञापन गर्दछु । मैले ब्रुस लीद्वारा अभिनिभ केही फिल्महरु हेरेको छु । त्यसमा उनले गरेको अद्भूत अभिनयको म क्तयान नै हुँ । मैले पहिले पनि ब्रुस लीका जीवनकथाबारे विभिन्न पुस्तक तथा पत्रपत्रिकामा नपढेको होइन तर 'हट नेपाल'मा अझै केही नयाँ कुरा जान्ने अवसर मिल्यो । उनको मृत्यु बारेमा मैले पहिले पढेका पुस्तकहरूमा परस्पर विरोधी कुराहरु उल्लेख थिए । हट नेपालमा त्यस बारेमा कुनै ठोस कुरा उल्लेख हन्छ कि भनेर अन्तिम अनुच्छेदसम्म आशा गरेको थिएँ तर त्यस किसिमका कुनै प्रसंग पाउन सकिएन । आगामी अंकमा ब्रुस लीका जीवनका अन्य प्रसंग तथा उनको मृत्यु सम्बन्धी विवादास्पद घटनाको तथ्य के हो ? त्यस बारे पनि केही उल्लेख भइदिए मजस्ता ब्रुस लीका क्तयान तथा जिज्ञासुहरु लाभान्वित हुने थिए । हट नेपालको पहिलो अंकमा समावेश गरिएका सामग्री पनि जानकारीमूलक लाग्यो । नेपालबाट प्रकाशित पत्रिकालाई पनि अन्तर्राष्ट्रिय गुणस्तरयुक्त बनाउने प्रयास भएको रहेछ । यो गुणस्तरलाई कायम राखेर आगामी अंकहरु पनि निरन्तर रूपमा बजारमा आइरहोस् र हामीले पढ्न पाइरहुँ भन्ने विश्वास गर्दछु र सफलताको कामना पनि गर्दछु

-शंकर अधिकारी, ज्यामिरे, धादिङ

कालजयी गीतका गायक सूर्य थुलुङका सदाबहार गीत सीआरबीटी र पीआरबीटीमा

गीत	सीआरबीटी	पीआरबीटी
१. बादलुको दरबारमा	०१३००१६१५२	६०४९०९
२. माछी मारन	०१३००१६१६१	६०४६४४
३. साह्रै पाऱ्यो आज मलाई	०१३००१६१५४	६०४९११
४. मेरो मन दुख्छ हजुर	०१३००१६१५५	६०४९१३
५. बाडुली भो व्यथा फेरि	०१३००१६१५६	६०४९१५
६. यति टाढा हुँदा पनि	०१३००१६१५७	६०४९१७
७. म गीत भएँ अपूरो	०१३००१६१९१	६०४५६३
८. यो नेपाली ठिटो	०१३००१६१९२	६०४५६७



अविवाहित तर भर्जिन होइन

हेर्दैमा सेक्सी देखिने महिमा सिलवालले फिल्ममा भने त्यस्तो रोल गर्न पाइएकी छैनन् । पहिलो फिल्म 'कारबाही'देखि पछिल्लो फिल्म 'कमिना'सम्मको रोलमा प्रायमा रोनाधोना मात्र गरेकी महिमालाई लक्की हिरोइनको रूपमा कलिउडमा लिने गरिएको छ ।

फिल्मलाइनमा आएको अढाई वर्षमा पन्ध्रवटा फिल्ममा अभिनय गर्न भ्याउनु चानचुने कुरा होइन । त्यसमाथि, पछिल्लो दुई फिल्म 'सकस' तथा नो-स्मोकिङमा अभिनय गर्दा पारिश्रमिक रेट पनि १ लाख पुऱ्याइसकेकी छन् । अरू हिरोइनहरूले फिल्म खेल्न शारीरिकदेखि आर्थिकसम्म सम्झौता गर्नु परिरहेको प्रसंग चलिरहेको अवस्थामा उनले फिल्म खेल्न त्यस्तो सम्झौता गर्नु नपरेको उनको दाबी छ ।

उनले सडकबाटै सीधै फिल्म खेल्न पाएँ भनेर गर्व गर्ने गरेकी छन् । सानैदेखि फिल्म खेल्ने लक्ष्य लिएर अघि बढेकी उनी तकडा डान्सर भने अवश्य हुन् । उनको डान्समा प्रायः सबै रम्ने गरेको पाइएको छ । दुई वर्ष अगाडि काठमाडौं बागबजारस्थित आराधना कप्लेक्सबाट क्रसिङ भएर जाँदा त्यहाँ नेपाली फिल्मलाइनका उम्दा फिल्म निर्देशक किशोर रानामगर तथा निर्माता नारायण मैनाली फिल्म 'कारबाही'को कुरामा मग्न थिए ।

निर्देशक रानामगर तथा निर्माता मैनाली 'कारबाही'का लागि हिरोइन नभएर हैरान बनिरहेका थिए । निर्माता तथा निर्देशकको कुराकानी क्रसिङ रोडमा उनले सुनेपछि ठाडै तपाईंहरूको फिल्ममा मलाई चान्स दिनुस्, म फिल्म खेल्छु भनेर हिम्मत गर्ने हिरोइन उनी नै हुन् । 'सीमारेखा', 'करोडपति' जस्ता दर्जनौं हिट फिल्म दिइसकेका बम्बई रिटर्न निर्देशक किशोर रानामगर समक्ष आँट गरेर बोल्ने अपरिचित युवतीको त्यो साहसले तीनछक्कै परेका रानामगरले निर्माता मैनालीसँग कुरा मिलाएर उनीसँग अडिसन पनि लिए ।

निर्देशक रानामगरको अडिसनमा खरो उत्रेर फिल्म 'कारबाही'को हिरोइन बनिसकेपछि फर्केर हेर्नु नपरेकी उनले त्यसपछि 'अप्रिल-फुल', 'थ्याङ्क्यु', 'जिगलो', 'मिसन-४२०', 'सकस', 'नो-स्मोकिङ', 'ढुंगेयुग', 'मधुमाला', 'छाप', 'चियर्स', 'एक से एक', 'वारेन्ट', 'दानव' र 'कमिना'सम्ममा हिरोइन बनेर अभिनय गर्न भ्याइसकेकी छन् । उनको पछाडि अझै आधा दर्जन फिल्म क्युमा छन् ।

उमेरको हकमा उनकै शब्दमा भन्ने हो भने, २१ वर्ष लाग्दै छिन् । चितवनको गीतानगरमा जन्मे पनि उनको बालककालका अधिकांश रहरलाग्दा समय काठमाडौंमा नै बितेका थिए । ललितपुर ठैवस्थित फूलचोकी स्कुलबाट २०६४ सालमा एसएलसी पास गरेर पढाइलाई निरन्तरता दिने क्रममा हाल स्नातक तेस्रो वर्षमा अध्ययन गरिरहेको बताउने उनी फिल्ममा लागेयता त्यति स्पीड दिन नसकेको यथार्थ स्पष्ट पार्छिन् ।

५ वर्षको उमेरमा आमाको दुःखद निधन भएपछि हजुरआमाको काखमा हुर्केकी महिमा परिवारकी जेठी हुन् । उनीपछि एक भाइ र बहिनी छन् । पिता प्रहरी सेवाबाट हाल अवकाश पाइसकेका छन् । प्रहरी परिवारको अनुशासनमा हुर्केकी उनमा चन्चलताको भने कमी छैन । रमाइलो गर्नुपर्ने अनि हाँसिरहने उनको बानी छ । 'रमाइलो गर्ने क्रममा कहिलेकाहीं इन्टरनेटमा ब्लु-फिल्म पनि हेरेकी छु', निर्धक्क भन्ने उनी ब्लु-फिल्म हेर्ने नयाँ पुस्तालाई नराम्रो भन्ने पक्षमा छैनन् ।

अविवाहित रहेको जिकिर गर्ने उनी सेक्सको मामिलामा अलि उदार नै छिन् । उनले आफूले सेक्सको अनुभव रहेको खुलासा पनि गरेकी छन् । भन्छिन्- 'म भर्जिन केटी अवश्य पनि होइन । यो उमेरसम्म आइपुग्दा प्रायः आधुनिक केटीले भर्जिनिटी गुमाइसकेका हुन्छन्, जुन स्वाभाविक पनि हो । एक वर्षअगाडि लबरसँग मेरो सम्बन्ध भयो । त्यो नै मेरो पहिलो सेक्स अनुभव हो', उनले खुलासा गरिन् ।

एनआरएन अध्यक्षमा शेष घले

गैरआवासीय नेपाली संघ (एनआरएनए)को अध्यक्षमा अष्ट्रेलियामा बस्दै आएका नेपाली धनाढ्य शेष घले भारी मतले निर्वाचित भएका छन् । काठमाडौंमा ३ कार्तिकमा सम्पन्न छैटौं महाधिवेशमा अर्का उम्मेदवार तेन्जी शेर्पालाई हराउँदै घले निर्वाचित भएका हुन् । घलेले ५ सय १० मत पाए भने शेर्पाले २८० मत ल्याएका छन् । घलेलाई समर्थन गर्दै तीन प्रतिस्पर्धी रामप्रताप थापा, रामेश्वर साह र हितमान गुरुङले उम्मेदवारी फिर्ता लिएपछि उनको विजय सहज भएको हो । पदाधिकारीसहित कार्यसमितिमा पनि घले प्यानलकै विजयी भएका छन् । उपाध्यक्षमा भवन भट्ट, महासचिवमा कुमार पन्त, सचिवमा रन्जु थापा र कोषाध्यक्षमा बद्री केसी निर्वाचित भएका छन् । भट्टले ३ सय ४८, पन्तले ३ सय ९५, थापाले २ सय ७२ र केसीले ४ सय ७२ मत पाएका छन् । एसिया संयोजकमा गंगा राई, उपसंयोजकमा रोविन्द्रप्रसाद श्रेष्ठ, यूरोप संयोजकमा अर्जुन श्रेष्ठ, मध्यपूर्व संयोजकमा चन्द्र रोका र अफ्रिका संयोजकमा हिक्मत थापा विजयी भएका छन् । सन् २००३ मा स्थापना भएको एनआरएनको नेतृत्व पहिलोपटक निर्वाचनबाट चुनिएको हो ।

सिटौलाको गीत गंगा

गीतकार एवं संगीतकार लक्ष्मण सिटौलाको तेस्रो गीति एल्बम 'गीत गंगा'को प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित एक समारोहका बीच मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले लोकार्पण गरेका छन् । त्रिवेणी साहित्य प्रतिष्ठान, भोजपुरको आयोजनामा सम्पन्न सो कार्यक्रमका मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले गीतकार सिटौलाको गीत गंगाले समाजमा भावनात्मक सम्बन्ध कायम गरेको बताउँदै स्रष्टाको प्रमुख दायित्व असल सिर्जनामार्फत समुन्नत राष्ट्रको निर्माण गर्नु भएको बताए । 'गीत गंगा'मा राष्ट्र र व्यक्ति प्रेमको गरी १० वटा गीत संगृहीत छन् । एल्बममा अञ्जु पन्त, कुमार तामाङ, सजल न्यौपाने, गौतम कुमार तथा रिता बराइलीले स्वर दिएका छन् भने संगीत गीतकार सिटौला आफैले भरेका छन् । यसलाई इन्द्रेणी क्यासेट सेन्टर काठमाडौंले बजारमा ल्याएको हो । गीतकार तथा संगीतकार सिटौलालाई सम्मान पनि गरिएको कार्यक्रममा उनको व्यक्तित्व तथा कृतित्वबारे डा. नारायण गड्तौला, गोरखापत्र संस्थानका महाप्रबन्धक सुशील कोइराला, साहित्यकार विप्लप ढकाल, हरि दाहाल, सुरेश सुवेदी, हास्य कलाकार श्रीकृष्ण सिम्खडालगायतले शुभकामना दिएका थिए ।

पटाचारीको दोस्रो संस्करण

पौराणिक कथामा आधारित उपन्यास 'पटाचारी'ले १८ वर्षअगाडि व्यापक चर्चा पाएको थियो । पाठकहरूले अत्यधिक रूचाएको उपन्यास 'पटाचारी'को दोस्रो संस्करण केही समयअघि बजारमा आएको छ । यौन, प्रेम, प्रणय र तडपन तथा जलन पटाचारीको मूल विषय नभइकन नारी जीवनलाई यस उपन्यासमा केन्द्रित गर्ने प्रयास उपन्यासकार अशोकमान सिंबाट भएको छ । ६० पृष्ठको प्रासङ्गिक कुरा थपेर विल्कुलै नयाँ रूप र प्रस्तुतिका साथ २० आकर्षक रंगीन दृष्टान्तचित्र समाविष्ट पटाचारीको मूल्य ३ सय ५० रूपैयाँ रहेको छ ।

ज्योतिष-बाको फिल्म मोह

युवा वर्गमा टुनामुना तथा ज्योतिष विधामा बढी नै चासो हुन थालेको छ । जतिसुकै एडभान्स एवम् मोडर्न भनिए पनि उनीहरूमा नजानिदो तवरले त्यसप्रकारको चासो बढ्नुलाई अनौठो मानिन थालिएको छ । यसो हुनुमा वर्तमानप्रतिको अविश्वास तथा भविष्यको चिन्ताले हुनुपर्ने तर्क गर्नेहरूको अगाडि चुनौती बोकेर देखा परेका युवा 'ज्योतिष-बा' नवराज वागदास देखिएका छन् । रहरले भन्दा बाध्यतालो ज्योतिष-बा बनेका वागदासको पुर्ख्यौली पेसा नै फुकफाक अनि कालोपाटीमा कोरकार तथा चामलको गेडालाई मिलाउने गरेको भरमा अन्दाजबाट निस्केको तर्क भन्नु हो । जुन तर्कबाट सन्तुष्ट मानेर निको हुने पुस्ताबाट गुज्रेको वागदासको त्यो पुस्तालाई अनुसरण गर्दै उनी पनि पुर्खाजस्तै नचाहेर पनि बनेका हुन् । वागदासको चाहना त सिनेमामा हिरो वन्नु हो । उक्त अतृप्त चाहनालाई फुकफाक गर्दागर्दै कोही चलचित्र निर्माता-निर्देशकको फोन आएमा जसरी भए पनि समय निकालेर दगुर्ने वागदासले केही चलचित्रमा अभिनय गरिसकेका छन् ।

फेसबुकबाट फोटो कन्टेष्ट

मोडल तथा कलाकारहरूलाई पोर्टफोलियो प्रदान गर्दै आएको क्याराम्रोडटकमले 'चलचित्रमा महिलाको अभियान' सम्बन्धी फोटो प्रतियोगिता सुरू गरेको छ । यस अभियानमा महिला सहभागितालाई बढाउने प्रयास भएको अभियानका आयोजकमध्येकी प्रतिमा श्रेष्ठले भनेकी छन् । क्याराम्रोडटकम र ओस्कार इन्टरनेशनल कलेज अफ फिल्म

स्टडिजको संयुक्त आयोजनामा चलचित्रको पर्दाभित्र र पर्दा पछाडिका महिलाहरूको सहभागिता बढाउन उक्त फोटो प्रतियोगिता सुरू गरिएको श्रेष्ठको भनाइ छ । वर्तमान समयमा नेपाली चलचित्रमा नयाँ पुस्ताले आफ्नै दक्ष योग्यता अनुरूप योगदान दिंदै आए पनि महिलालाई अझै चलचित्रमै आफ्नो करियरको विकास गर्ने वातावरण सिर्जना हुन नसकेको अवस्थामा यसप्रकारको प्रतियोगिता थप पुट दिने आयोजकको विश्वास छ । यस कन्टेष्टमा सहभागीमध्ये १०० जनालाई समावेश गरी ओस्कार कलेज अफ फिल्म स्टडिजले फिल्म वर्कशप निःशुल्क गरिने भएको छ ।

कर्ण शाक्यको अङ्ग्रेजी पुस्तक

'सोच', 'खोज', 'मोज', 'म सक्छु' जस्ता चर्चित पुस्तकका लेखक एवं प्रसिद्ध पर्यटन व्यवसायी कर्ण शाक्यले सकारात्मक सोचको अर्को पुस्तक प्रकाशनको तयारी गरेका छन् । अब आउने उनको पुस्तक भने अङ्ग्रेजी भाषामा हुनेछ ।ुर्बि तजभ दभकतु नाम दिइएको यो पुस्तकमा कर्णले कतिपय आक्तना संघर्ष र सफलताका घटनाक्रम जोड्दै युवापुस्तालाई सफल हुन प्रेरित गर्ने प्रसंग उल्लेख गरेका छन् । नेपालमा काम गर्ने अवस्था र संभावना धेरै भए पनि पढेलेखेका तथा बाबुबाजेका सम्पत्तिले सानोतिनो उद्यम गर्नसक्ने पुँजी भएका व्यक्तिहरूसमेत विदेश पलायन भइरहेको अवस्थामा त्यो वर्गलाई प्रेरित गर्ने उद्देश्यले यो पुस्तकको रचना गरिएको कर्ण बताउँछन् । यो पुस्तकमा उनले केवल कोरा अर्तीउपदेश मात्र नभई कुन ठाउँमा कस्तो उद्योग संचालन गर्दा सफल हुन सकिन्छ, कुन उद्योग संचालन गर्न कति खर्च लाग्छ, जनशक्ति व्यवस्थापन कसरी गर्ने, केही गरी कुनै संकट आइलाग्यो भने कसरी समाधान गर्ने लगायतका व्यावहारिक कुरा पनि समावेश गरिएका छन् । प्रकाशनको सम्पूर्ण तयारी पूरा भइसकेकोले अब छिट्टै एक औपचारिक कार्यक्रमको आयोजना गरी पुस्तक सार्वजनिक गरिने कर्णले जानकारी दिएका छन् ।

आपतको देवताको रेकर्ड

नेपालका रेकर्डेट रक्तदाता प्रेमसागर कर्माचार्यले हालसम्म १ सय ३७ पल्ट रक्तदान गरिसकेका छन् । १६ वर्षको उमेरदेखि नियमित रक्तदान गर्दै आएका ४९ वर्षीय कर्माचार्य नेपाल स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष पनि हुन् । कसैलाई रगतको आपत पर्दा जहाँबाट जसरी भए पनि उपलब्ध गराइदिने कार्य उनीबाट हुँदै आएको छ । जसले गर्दा उनलाई 'आपतको देवता' पनि भन्ने गरिएको छ । खेर गैरहने रगतलाई रक्तदानको माध्यमबाट कसैको जीवन बचाउन सकिन्छ । यो जस्तो पुण्य कार्य अरू केही नदेखेकोले नै प्रत्येक तीन-तीन महिनामा रक्तदान गर्दै आएको बताउने उनी रक्तदान सम्बन्धी गीतका रचयिता पनि हुन् । उनका रक्तदानसम्बन्धी गीतहरू प्रायः रक्तदान शिविरमा बज्ने गरेको पाइन्छ । नेपाल रेडक्रस सोसाइटीको थीम गीत पनि उनले नै रचेका हुन् । रक्तदान सम्बन्धमा जनचेतना वढाउने गीतहरूको गीति-संग्रह निकाल्ने अन्तिम तयारीमा हाल उनी पुगिसकेका छन् ।

गाला रातै बनाएका महक

नेपाली फिल्म 'नोटबुक' खासै चल्न सकेन । तर, यो फिल्मको 'गाला रातै गाला रातै' बोलको गीत सुपर-डुपर हिट भयो । जसले गर्दा यो गीतका गायक प्रल्हाद तिमिल्सिना र गायिका मिलन अमात्य निक्कै चर्चामा आए । यही गीतको महकताले गायक तिमिल्सिनाले यो वर्ष नेशनल अवार्डदेखि विभिन्न एफएम अवार्डहरू पनि जित्न सफलता प्राप्त गरेका छन् । यो वर्ष ह्याट्रिक अवार्ड पाउने पहिलो गायक पनि तिमिल्सिना नै बनेका छन् । साथमा रेखा थापा निर्मित फिल्म 'काली'मा बट् स्लोली-स्लोली गीतबाट पनि उनलाई थप चर्चा दिइरहेको छ । उनै गायक तिमिल्सिनाले निकालेको एल्बम 'महक'ले गत वर्ष व्यापक चर्चा पाएको थियो । महकमा रहेका प्रायः गीत कर्णप्रिय रहेका छन् । ती कर्णप्रिय आठवटै गीतको भिडियो बनाउने कार्य पनि उनले सम्पन्न गरिसकेका छन् । ती गीतलाई संगृहीत पारेर हेर्ने डीभीडी निकाल्ने तयारी भइरहेको उनले बताएका छन् । महक एल्बमले चर्चामा ल्याएकोले सोही नामबाट फिल्म बनाउने गृहकार्यमा हाल उनी लागिरहेका छन् ।

रफीप्रेमी माली डीभीडी निकाल्ने तयारीमा

रोटरी क्लव तथा जेसिजका सभा-समारोह तथा मेहफिलमा मोहम्मद रफी र किशोर कुमारका गीत यदाकदा सुन्न पाइन्छ । त्यसरी रफी र किशोरका गीत ती मेहफिलमा सुन्नेहरू तीस र चालिसको दशकमा फर्केर आफूलाई हेर्ने गरेको पाइन्छ । अनि रफी र किशोरका गीतमा नै आफूलाई हराउँछन् पनि । यसरी ती मेहफिलमा रफी र किशोरका गीतमा हराउने गायक नेपाली गायक हिक्मत बहादुर माली नै हुन् । माली रफी र किशोरका जिग्री-फ्यान हुन् । रफी र किशोरका गीत गाउनु परेमा घण्टौं गाउन रूचाउने गायकको रूपमा पनि उनलाई लिइने गरेको छ । त्यसैले उनका साथीभाइ र निकटवर्तीहरू उनको आवाजमा रफी र किशोरका गीत सुन्न निकै रूचाउँछन् । मालीकी पत्नी उर्मिला पनि मालीको आवाजमा कता-कता रफी र किशोरको आवाज पाउने गरेको आभास हुने गरेको बताउन चुक्दिनन् । गायनको ३० वर्षको अवधिमा ३० वटा मात्र कालजयी नेपाली गीत गाएका मालीको हिट गीत 'कुन देशकी चरी' हो । हाल आठ वटा गीतका म्युजिक भिडियोलाई डीभीडीमा ल्याउने तयारीमा छन् ।

त्रिशाग्निको बौद्धिक सौन्दर्य

तस्वीर : अजय देशार

२० वरिपरिको उमेरमा कुनै कुराको जिम्मेवारी हुँदैन त्यसैले मस्ती गर्नुपर्छ भन्ने अमेरिकी नयाँ पुस्ताको मान्यतामा उनी सहमत छैनन् । बरु जीवनलाई कतातिर लैजाने भन्ने निर्धारण यो उमेरमा गर्ने काम र व्यवहारले गर्ने उनको आफ्नै मान्यता छ । सुन्दरता र बौद्धिकता एउटै व्यक्तिमा पाउनु दुर्लभ हुन्छ तर त्रिशाग्निमा यी दुवै गुण पाइन्छ ।

राम्रो स्कुल-कलेज पढेका धनी बाबुका छोराछोरीलाई एउटा सुविधा स्वतः प्राप्त हुन्छ- सजिलै प्राप्त ज्ञान र योग्यतालाई पारिवारिक पेसामा लगाउने । उनीहरूलाई न जागिर खोज्न जाने पीर हुन्छ न त कुनै नयाँ व्यवसाय सुरू गर्ने झन्झट । भाग्यले प्रसिद्ध पर्यटन व्यवसायी तथा चर्चित लेखक कर्ण शाक्यकी कान्छी छोरीका रूपमा जन्मेकी त्रिशाग्नि शाक्यले पनि यी सुविधा बिनामेहनत पाएकी छन् तर उनी स्वतः प्राप्त सुविधामा सीमित भएर आफूभित्रको ज्ञान, सीप र अनुभवलाई खुम्च्याउन चाहन्नन् । हाल संयुक्त राज्य अमेरिकाको प्रतिष्ठित ऊर्जा कम्पनी आइसीएफमा सहायक परामर्शदातृका रूपमा कार्यरत उनी भाग्य र स्वतः प्राप्त सुविधामा भन्दा स्वयंद्वारा सिर्जित उपलब्धिमा विश्वास गर्छिन् ।

'कर्ण शाक्यकी छोरी भएको नाताले मलाई धेरै कुरामा सजिलो छ । अरूले प्राप्त गर्न वर्षौं संघर्ष गर्नुपर्ने कतिपय कुरा मैले ड्याडका कारण त्यत्तिकै प्राप्त गर्नसक्छु', त्रिशाग्नि भन्छिन्- 'तर म जीवनमा संघर्ष गर्न चाहन्छु । आई वान्ट टु टेष्ट माइसेल्फ ।'

अमेरिकाको म्यासाच्युट राज्यको प्रतिष्ठित स्मिथ कलेजबाट बीबीए सकेर लण्डन स्कुल अफ इकोनोमिकबाट अर्थशास्त्रसम्बन्धी विशेष तालिम लिएकी उनले अनुभव र आफूलाई जाँच्ने अवसरकै रूपमा काम सुरू गरेकी हुन् । कामका लागि ऊर्जासम्बन्धी कम्पनी नै रोज्नुको पनि कारण छ । अहिले नेपालमा ऊर्जाको संकट परेर दिनमा १८ घण्टासम्म लोडसेडिङ गर्नु परेकोमा उनको चिन्ता छ । त्यसैले भविष्यमा उनले नेपाल फर्केर जलस्रोतको क्षेत्रमा काम गर्ने सोच बनाएकी छन् ।

यदि जलस्रोत क्षेत्रमा संलग्न हुने वातावरण नबनेमा उनको दोस्रो रोजाइ पारिवारिक पर्यटन उद्योगमा संलग्न हुनु रहेको छ । कर्ण शाक्यले स्थापना गरेको केजिएच होटल समूहले स्वदेशमा मात्र हैन विदेशमा समेत प्रतिष्ठा कमाएको छ । भौतिक पूर्वाधारदेखि स्थायी ग्राहक अनि प्रतिष्ठित ब्रान्ड बनाइसकेको केजिएचमा त्रिशाग्निको प्रवेश न त कठिन छ न त प्रवेशपछि कुनै ठूला चुनौती नै सामना गर्नुपर्छ । तर उनी यो सजिलो बाटोमा हिंड्न चाहन्नन् । 'म होटल व्यवसायमा प्रवेश गरें भने नयाँ सुरूवात गर्छु र सुरूको चरणदेखि नै त्यसका विभिन्न प्रक्रियामा संलग्न हुन्छु', हाम्रो होटल समूहले नयाँ होटल

खोल्ने योजना बनाएको छ । त्यसो भयो भने म होटलको जग राखेदेखि नै आफै संलग्न हुन्छु र संघर्ष गरेर सफल बनाएरै देखाउँछु ।'

उनी स्कुल-कलेजमा पनि आफूले संघर्ष गरेरै पढेको बताउँछिन् । उनलाई नपुग्दो केही थिएन तर उनी अनावश्यक खर्चको सधैं विरोधी रहँदै आएकी छन् । पढाइको सिलसिलामा भारत रहँदा होस् अथवा अमेरिकामा बस्दा घरबाट मागे जति पठाइहाल्छन् भन्ने सोचाइले उनले खर्च बढाउने काम कहिल्यै गरिनन् । पेन्टिङमा पनि सौखिन उनी आफ्नो कोठामा आफ्तनै पेन्टिङ सजाउन रूचाउँछिन् । भन्छिन्- 'यसो गर्दा आफ्तनो सिर्जनाप्रतिको सम्मान बढ्छ र खर्च पनि जोगिन्छ ।'

उनको रूचिको विषय गणित र विज्ञान भए पनि साहित्य, दर्शन र ज्ञानका अन्य विषयका पुस्तक पढ्नमा पनि उनी चाख राख्छिन् । २० वरिपरिको उमेरमा कुनै कुराको जिम्मेवारी हुँदैन त्यसैले मस्ती गर्नुपर्छ भन्ने अमेरिकी नयाँ पुस्ताको मान्यतामा उनी सहमत छैनन् । बरू जीवनलाई कतातिर लैजाने भन्ने निर्धारण यो उमेरमा गर्ने काम र व्यवहारले गर्ने उनको आफ्नै मान्यता छ । सुन्दरता र बौद्धिकता एउटै व्यक्तिमा पाउनु दुर्लभ हुन्छ तर त्रिशाग्निमा यी दुवै गुण पाइन्छ ।

अमेरिकामा काम गरेर पाएको पहिलो कमाइले उनले ममीलाई ब्याग किनिदिएकी थिइन् भने ड्याडीलाई अमेरिकी राष्ट्रपति बाराक ओबामा खान जाने रेष्टुरेन्टमा डिनरमा लगेकी थिइन् । 'ममी ब्यागको सौखिन हुनुहुन्छ तर ड्याडलाई सामानमा त्यति रूचि छैन, उहाँ खानामा सोखिन हुनुहुन्छ', ड्याडी-ममीको रूचिबारे उनी जानकार छिन् ।

अमेरिकामा जन्मिएकी त्रिशाग्निले अमेरिकी पासपोर्ट नलिने मनस्थिति बनाएकी थिइन् तर केही वर्षअघिको नेपालको एउटा घटनाले उनको परिवारबाट अमेरिकी पासपोर्ट लिन दबाब परेको थियो । '१६ वर्षसम्म मैले अमेरिकी पासपोर्ट लिइनँ तर नेपालमा प्रसिद्ध डाक्टर उपेन्द्र देवकोटाकी छोरीको अपहरण ड्याड-ममले मलाई अमेरिकाको पासपोर्ट लिन प्रेसर दिनुभयो', उनले नेपालको शान्तिसुरक्षाको कमजोर अवस्था र अराजकतालाई संकेत गरिन् ।

अमेरिकी नागरिक हुनु र अमेरिकी पासपोर्ट बोक्नुमा उनलाई गर्व भने छैन । विदेशमा रहँदा नेपाली राष्ट्रियता झनै प्रवल हुने अनुभव पनि उनी सुनाउँछिन् । भारतको राजस्थानस्थित प्रसिद्ध मेयो स्कुलमा पढ्दा 'जनमनगन' गाउन अस्वीकार गर्ने उनले त्यहाँका केही रजौटे सहपाठीले धेरैजसो नेपाली भारतमा चौकीदारी गर्ने गरेको प्रसंग उठाउँदा भनेकी थिइन्- 'नेपालमा पनि माग्न आउनेहरू धेरैजसो इन्डियन नै हुने गरेका छन् ।' यस्तै केही तीता प्रसंगले मेयोमा उनको पढाइ लम्बिन सकेन अनि उनी रातो बंगलामा भर्ना भएकी थिइन् । टिन एज पार गरेर युवामा परिणत हुँदै गरेकी उनले नेपालमै काम गरी खाने युवकलाई जीवनसाथी बनाउने सोच बनाएकी छन् । शान्तिसुरक्षा कायम भएर उद्योग-व्यवसाय गरेर बस्न सक्ने स्थिति देखिएमा अमेरिकी पासपोर्ट त्यागेर नेपालमै बस्ने भावी योजना उनले सुनाइन् ।

लिट्टल चाइनामा सिचुवान स्वाद

■ **राजेश डंगोल**
म्यानेजिङ-डाइरेक्टर, लिट्टल चाइना रेष्टुरेन्ट

लिट्टल चाइना रेष्टुरेन्टमा चीनको सिचुवान प्रान्तका खानाको बढी माग हुने गरेको छ। सिचुवानको खानामा बढी टिमुर र पिरो प्रयोग हुने भएकोले नेपालीले पनि यो खाना रुचाउने गरेका छन्।

विभिन्न मुलुकका टिपिकल स्वादका रेष्टुरेन्ट खोल्ने मेरो चाहना थियो । त्यस चाहना अनुसार विभिन्न मुलुकका स्वादका बारेमा मलाई अध्ययन गर्न नै धेरै समय लाग्यो । यसबीचमा मैले जापानी टिपिकल स्वादको जापानी रेष्टुरेन्ट काठमाडौंको ठमेलमा खोलें, जसको नाम फुलसाडो हो । जुन रेष्टुरेन्ट पहिला ठमेलको चोकमा थियो । हाल पानीको असुविधा भएकोले ठमेलकै गणेशमान सिंह निवास चाक्सीबारीनेर सारेको छु । त्यसपछि चिनियाँ टिपिकल खानाको रेष्टुरेन्ट खोल्ने मेरो चाहना थियो तर विविध कारणले मैले खोल्न सकिनँ । दोस्रो रेष्टुरेन्ट पनि जापानी नै खोलें ।

त्यसपछि भने चिनियाँ रेष्टुरेन्ट खोल्ने क्रममा एक वर्ष अध्ययनमा नै बित्यो । यस अध्ययनको क्रममा समय खेर नफाली ज्याठा-ठमेलमा भिँगु भ्वयः छैं नामक नेवारी रेष्टुरेन्ट खोलें, जुन हाल निक्कै राम्रोसँग चलिरहेको छ । गहन अध्ययनको क्रममा नेपालमा चिनियाँ रेष्टुरेन्ट खोलिरहनु भएका चिनियाँ नागरिक लियोसँग मेरो दोस्ती भयो । उहाँलाई नेपाली राम्रोसँग आउने र मलाई पनि थोरबहुत चिनियाँ भाषा आउने भएकोले दुवैबीच कुरा मिल्यो । उहाँसँगको दोस्तीले नै मैले काठमाडौंको नक्साल-नागपोखरीस्थित लिट्टल चाइना नामक रेष्टुरेन्ट खोलें । यो रेष्टुरेन्ट खोलेको धेरै भएको छैन । वर्ष दिन पुग्न लाग्यो ।

वर्षदिनमा धेरैको यो रेष्टुरेन्टप्रति आकर्षण बढेको छ । नजिकै चिनिया राजदूतावास पनि भएकोले

हाम्रो बढी ग्राहक चिनियाँ नागरिकहरु नै रहेका छन् । चिनियाहरु आउँदा बढी मात्रामा ग्रुपमा नै आउने गर्नुहुन्छ । जसले गर्दा चिनियाँ ग्राहक आउँदा काम फास्टफरवार्ड गर्नुपर्छ । छिटो आएर छिटो फर्कने उहाँहरुको बानी रहेको छ । लिट्टल चाइना रेष्टुरेन्टमा चीनको सिचुवान प्रान्तका खानाको बढी माग हुने गरेको छ । सिचुवानको खानामा बढी टिमुर र पिरो प्रयोग हुने भएकोले नेपालीले पनि यो खाना रूचाउने गरेका छन् ।

सिचुवानको खानामा बढी मात्रामा चिनियाँ जडीबुटीका मसला प्रयोग हुने गर्दछ, जसले गर्दा बढी हाइजेनिक हुने गर्दछ । चिनियाँ खाना खानु भनेको औषधि खानु बराबरको ब्यालेन्स-डाइट पनि हो । त्यति धेरै मोटाउने तथा अनावश्यक रोग लाग्न दिंदैन । लिट्टल चाइनामा हामी चीनबाटै जडीबुटीयुक्त मसलादेखि तरकारी, पोर्क, चिकेन र बफसम्म मगाउने गर्दछौं । कहिलेकाहीं त्यहाँबाट आउन ढिला भएमा नेपाली पोर्क र बफसम्म प्रयोग गर्ने गर्दछौं ।

लिट्टल चाइनामा चिनियाँको अलावा नेपालीको संख्या पनि व्यापक बृद्धि हुन थालेको छ । चिनियाँ खाना नेपालीको स्वादअनुरूपको भएकोले पनि नेपालीले धेरै मन पराएको मेरो अनुभव रहेको छ । चिनियाँ खाना क्वालिटीको अलावा क्वान्टिटीमा पनि बढी नै हुने गर्दछ । वर्षमा ३ सय ६५ दिन भएजस्तै चिनिया परिकार ३ सय ६५ थरी नै रहेको छ । लिट्टल चाइनामा १ सय ४० स्वादका परिकार उपलब्ध रहेको छ ।

नेपालीहरुका लागि लिट्टल चाइनाको चिनियाँ स्वादको आनन्द लिन एक जोडीका लागि मिनिमम ४ सय रूपैयाँदेखि म्याक्सिमम् १ हजार बजेट लिएर आए पुग्छ । फरक स्वादमा फरक टेष्टको लागि राम्रो गन्तव्य लिट्टल चाइनाको रूपमा हामीले विकास गर्ने क्रममा छौं । अझ फराकिलो स्थान तथा पर्याप्त पार्किङ भएको काठमाडौंमा स्थान पाएमा यो रेष्टुरेन्टको विस्तार गर्ने सोचमा पनि छौ ।

यो रेष्टुरेन्टमा कुक चिनियाँ नै रहेका छन् । कुकको हेल्परका रूपमा नेपालीहरु छन् । नेपाली कुकले पनि चिनिया खाना बनाउन नसक्ने होइन तर चिनियाँ मसला ठीकसँग मिलाउन नेपाली कुकलाई अझै पनि गाह्रो भएकोले त्यस कार्यमा चिनियाँ कुकको नै विशेष भूमिका रहने गरेको छ । प्रायः चिनियाँ रेष्टुरेन्टमा गोलाकार रेडलाइट बाल्ने प्रचलन रहेको छ, जुन तपाईंले लिट्टल चाइना रेष्टुरेन्टमा पनि देख्न सक्नुहुन्छ । यो मायाको प्रतीक हो । माया गर्नेहरुका लागि खुल्ला छ भन्ने यसको अर्थ हुन्छ ।

(कुराकानीमा आधारित)

टिसिपी

चाइनिज प्राउन यामुइसेन

प्राउन यामुइसेन चाइनिज परिकार हो । जसलाई नेपालीहरूले पनि धेरै मन पराउने गरेको छ । प्राउन यानी झिंगे माछा, मसरूम र भेजिटेबल्सको मिश्रणवाट यो परिकार तयार हुने गर्दछ । जसलाई बनाउन मसरूम, मिक्स भेज, प्राउन र फिङ-थाइ नुडल्सलाई पकाउनुअघि नै स-सानो आकारमा चपिङ्गरी ठिक्क पार्नुपर्छ । त्यसपछि फ्राईपेनमा तेल राखेर केही बेर तताउनुपर्छ । त्यसमा लसुन, हरियो खुर्सानी, धनियाँ, र क्याप्सिकम फ्राई गर्नुपर्छ। मसलासहित प्राउन, मसरूम र मिक्स भेजलाई फ्राई गरेपछि यो परिकार तयार हुन्छ । १५मिनेटमा तयार हुने यस परिकारलाई अव सलादसहित सर्भ गर्न सकिन्छ ।

मेरो कलेज

प्रियंका शर्मा

प्रेम गर्नु पाप होइन

> कलेज लाइफ यस्तो समय हो, जसमा कसैले कुनै मीठा शब्दले सम्बोधन गर्दा मात्र पनि त्यो मान्छे राम्रो लाग्छ र ऊप्रति आकर्षण बढ्नसक्छ। कसैलाई कोही केटी वा केटा देख्नेबित्तिकै मन पर्न थाल्छ भने कसैलै आफ्नो पहिलादेखिको साथी नै राम्रो लागिरहेको हुन्छ। यो बेला नै यस्तै हो, कुनै मान्छे छिट्टै मन पर्छ भने त्यही मान्छे छोटो समयमै मन नपर्न पनि सक्छ। किनभने यो समयमा हाम्रो मस्तिष्कको विकास त्यति भइसकेको हुँदैन र भविष्यबारे सोच्नसक्ने भइसकेका हुँदैनौं।

स्कुलमा हुँदा हरेक दिन पूरा गर्नैपर्ने गृहकार्यकै कारण मलाई स्कुलको जीवन कहिले सकिएला जस्तो हुन्थ्यो । शिक्षकहरु देख्नेबित्तिकै हिटलर नै देखेको जस्तो लाग्थ्यो तर अहिले लाग्छ, हाम्रो त्यो सोचाइ गलत रहेछ । शिक्षकहरूले त्यतिबेला कडाइ गर्नुभएको हाम्रै भलाइ र उज्ज्वल भविष्यका लागि रहेछ । यो कुराको ज्ञान मलाई अहिले भएको छ ।

जब एसएलसी पास भएर कलेज जाने बेला भयो, तब मलाई आफू निकै ठुली भएको महसुस भएको थियो । त्यस्तो अनुभव मलाई मात्र नभएर सबै एसएलसी उत्तीर्ण विद्यार्थीलाई हुँदो रहेछ । कलेज गएपछि शिक्षकदेखि विद्यार्थीसम्म नयाँ र नौला अनुहारसँग जम्काभेट भयो । वास्तवमा कलेजको वातावरण नै नयाँ थियो तर १२ कक्षा कहिले सकिएला जस्तो भएन । शायद छोटो समयमै सकिने भएकोले होला ११ र १२ कक्षा सकिएको त पत्ता नै भएन मलाई ।

अहिले म लर्ड बुद्ध कलेजमा बिबिएमा पढ्दै छु । १२ पछि फेरि एकपल्ट पढाइको स्तर र अवस्था बदलिएको छ मेरो । ११ र १२ मा मेरा धेरै स्कुलका साथीहरु पनि साथै थिए, तर १२ पछि सबैले आफ्नो रूचिको विषय रोज्ने भएकोले अहिले हामी फरक फरक फ्याकल्टी र फरक कलेजमा अध्ययन गर्दै छौं । त्यसैले अहिले ब्याचेलर लेभलमा मेरा पहिलेका कोही पनि साथी छैनन् । अहिले कलेजमा सबै मेरा नयाँ साथीहरु नै छन् । नयाँ साथीहरूसँग पहिलो दिन क्लासमा पस्दा निकै अप्ठेरो लागेको थियो तर यहाँका साथीहरु पनि सबै मिलनसार रहेछन् । त्यसैले पहिलो दिनमा नै मेरो धेरैजसो साथीहरूसँग चिनजान भयो । अहिले त्यो चिनजान घनिष्ठतामा परिणत भइसकेको छ । ब्याचेलरमा शायद धेरै जसो शिक्षक हाम्रै उमेर समूहका वा हामीभन्दा अलिकति मात्र ठूलो उमेरका हुने भएकाले होला, उहाँहरु पनि साथीजस्तै व्यवहार गर्नुहुन्छ । धेरै जेनेरेसन ग्याप नभएकोले होला हाम्रो मानसिकता पनि उहाँहरु बुझ्नुहुन्छ । त्यसैले अहिले मलाई टिचर देख्नेबित्तिकै हिटलर देखेको जस्तो लाग्दैन, टिचरहरु पनि साथीजस्तै लाग्छ ।

कलेज जीवनमा प्रेमसम्बन्धको पनि निकै नै चर्चा हुने गर्छ । हुन त विद्यार्थी जीवनमा मात्र नभएर सबै उमेरका व्यक्तिका बीचमा प्रेमप्रसंग चल्नसक्छ तर धेरैजसो विद्यार्थी जीवन, त्यसमा पनि कलेज पढ्दा नै हुन्छ जस्तो मलाई लाग्छ । किनभने कलेज लाइफ यस्तो समय हो, जसमा कसैले कुनै मीठा शब्दले संवोधन गर्दा मात्र पनि त्यो मान्छे राम्रो लाग्छ र ऊप्रति आकर्षण बढ्नसक्छ । कसैलाई कोही केटी वा केटा देख्नेबित्तिकै मन पर्न थाल्छ भने कसैलै आफ्नो पहिलादेखिको साथी नै राम्रो लागिरहेको हुन्छ । यो बेला नै यस्तै हो, कुनै मान्छे छिट्टै मन पर्छ भने त्यही मान्छे छोटो समयमै मन नपर्न पनि सक्छ । किनभने यो समयमा हाम्रो मस्तिष्कको विकास त्यति भइसकेको हुँदैन र भविष्यबारे सोच्नसक्ने भइसकेका हुँदैनौं । मेरा साथीहरूमध्ये केहीको स्कुल वा कलेजदेखि प्रेम भएर अहिले विवाह नै भइसकेको पनि छ भने कसैको एक हप्तामा नै सम्बन्ध टुटेको पनि देखेकी छु । कसैको पनि सम्बन्ध सप्रने वा बिग्रने आफ्नै हातमा हुन्छ भने कसैको अरूको कुरा सुनेर सम्बन्ध बिग्रन्छ । अरूको कुरा सुनेर आफ्नो भइरहेको राम्रो सम्बन्ध बिगार्नु मूर्खतासिवाय केही होइन ।

हुन त प्रेम गर्नु पाप होइन । अहिलेको आधुनिक जमानामा धेरैजसो जोडीले प्रेमविवाह नै बढी गर्न थालेका छन् तर कसैलाई प्रेम गर्दा सुरूमै विचार पुऱ्याउनु पर्छ । केटा होस् वा केटी आफ्नो प्रेमी वा प्रेमिकालाई राम्रोसँग चिनेको, जानेको र बुझेको हुनुपर्छ । नजानी नबुझी जो पायो त्यहीसँग प्रेम गर्दा प्रेममा धोका पनि हुनसक्छ, जसले गर्दा पढाइ मात्र बिग्रने होइन जीवन नै बर्बाद पनि हुन सक्छ । त्यसैले म साथीहरूलाई यस विषयमा विचार पुऱ्याउन आग्रह गर्दछु ।

(यस स्तम्भमा आफ्ना कलेज अनुभव पठाउन कलेज अध्ययनरत विद्यार्थीलाई आग्रह गरिन्छ ।)

hotdreamnepal@gmail.com

छोरीको पीडाले समाजसेवा

रत्नकुमारी पुनकी पूर्णतया अपाङ्गता भएकी छोरी यो वर्षबाट १४ वर्ष पुगेकी छन् । उनी एकनाशले सुतेर हेर्ने बाहेक अरू केही गर्न सक्दिनन् । जनको पछाडिको ढाड निकै कमजोर छ । उनका हातखुट्टा बङ्गिएका छन् । भोलिलो पद्धार्थबाहेक उनले केही खान सक्तिनन् । दिसा-पिसाब पनि बसेकै स्थानमा गर्ने गर्छिन् । उनमा खासै सेन्स देखिंदैन । कहिलेकाहीं एकोहोरो टेलिभिजनमा कार्टुन हेरेजस्तो मात्र देखिन्छ । कार्टुन चेन्ज हुँदा उनको अनुहारमा एककिसिमले परिवर्तन आउने गरेको छ ।

एक्कासि लोडसेडिङ भएर टेलिभिजन अफ हुन पुग्यो भने एकोहोरो हाँस्ने गर्छिन् । यसप्रकारको सामान्य प्रतिक्रियाबाहेक उनमा विगत १४ बर्षदेखि हालसम्म खासै परिवर्तन देखिएको छैन् । यसले गर्दा रत्नकुमारीलाई कहिलेकाहीं डर पनि लाग्ने गरेको छ । यद्यपि, त्यही छोरीको लागि नै अनेकन दुःख गरेर रत्नकुमारीले सामाजिक क्षेत्रमा बेग्लै स्थान कायम गर्न सफल बनेकी छन् । छोरी जस्तै अपाङ्गता भएका अनेकन व्यक्ति-विशेषका लागि सहयोग तथा सेवा गर्ने कार्य उनीबाट भएको छ ।

अपाङ्ग सरोकार केन्द्र मार्फत सामाजिक सेवा गर्दै आएकी रत्नकुमारीले छोरीको लागि अनेकन उपाय गरिसकेकी छन् । यद्यपि, उन्नाइसमा बीस पनि प्रगति हुन नसके पनि हरेस खाने कार्य उनीबाट भएको छैन । "एकदिन छोरी सारसौंदी भएर मलाई 'आमा' भन्नेछिन् भन्ने आशा मैले छाडेकी छैन । छोरीले अरू बोल्न नसके पनि एकपल्ट 'आमा' भन्ने शब्द मात्र उच्चारण गरिदिए म संसारकै सवैभन्दा भाग्यमानी आमा बन्नेथिएँ", उनी भन्छिन् ।

म्याग्दीको बेनीमा जन्मेकी रत्नकुमारीको मागी बिहे भएको पनि होइन, भागी बिहे पनि होइन । त्यहाँको परम्परा अनुसार राम्री देख्नासाथ तानेर लाने परम्परा अनुसार उनको तानी बिहे भएको हो । त्यसरी तानेर लाने मान्छे जड्याँहा भएर जिन्दगी नै बर्बाद भएको जानकारी दिने उनले बिहे भएको वर्षदिन नपुग्दै पूर्ण अपाङ्गता भएको छोरी जन्मेको बताएकी छन् । पूर्ण अपाङ्गता भएको छोरी जन्माउने भनेर महिना दिन नपुग्दै श्रीमान्ले घरबाट निकालेपछि माइतीको शरणमा पुगेर छोरी हुर्काएको यथार्थ 'हट नेपाल'लाई सुनाउँदा उनको आँखाबाट बलिन्द्र आँसु चुहिएको थियो ।

पूर्ण अपाङ्गता भएको छोरी जन्माउने भनेर महिना दिन नपुग्दै श्रीमान्ले घरबाट निकालेपछि माइतीको शरणमा पुगेर छोरी हुर्काएको यथार्थ 'हट नेपाल'लाई सुनाउँदा उनको आँखाबाट बलिन्द्र आँसु चुहिएको थियो ।

छोरी त्यसरी जन्मनुमा रत्नकुमारीको कुनै गल्ती थिएन । श्रीमान्कै गल्ती थियो, जुन गल्तीलाई उनको श्रीमान्ले कहिले पनि स्वीकार गरेनन् । शायद यो पुरूषप्रधान समाजको परम्परा हो । छोरी गर्भमा आउनुअघि नै श्रीमान् जण्डिस रोगवाट पीडित बनेका थिए । "जण्डिस रोगी श्रीमान्सँगको समागमबाट जन्मेका सन्तानमा अपाङ्गता हुने डाक्टरले कैयौंपल्ट सम्झाए पनि एकोहोरो मलाई मात्र दोष लगाए । सोही दोष खेप्न नसकेर श्रीमान्सँग डिभोर्स गरेर छोरीको लागि एक्लै संघर्ष गरिरहेकी छु", उनले दुखेसो पोखिन् ।

संघर्षको क्रममा म्याग्दी बेनीबाट काठमाडौं आएर कालिमाटी-कलंकीमा फ्रिज, वासिङ मेसिनको भारी बोक्ने लगायतका कार्य गरेर जीवन उकालो नलागेपछि दलालको लहलहैमा रत्नकुमारी दक्षिण अफ्रिकासम्म पुगिन् । त्यहाँको एअरपोर्ट पुग्नासाथ त्यहाँको प्रहरीले नक्कली राहदानी प्रयोग गरेर त्यहाँ आएको भनेर गिरफ्तार गरेपछि उनको थप दुःखको दिन सुरू भयो । दलालले मोटो रकम लिएर अर्काको राहदानीमा उनको फोटो टाँसेर पठाएकोले उनी फन्दामा परेकी थिइन् । त्यही फन्दाले त्यहाँको जेलमा १८ महिना बिताउनु पऱ्यो ।

दक्षिण अफ्रिकाबाट फर्केर नेपाल आई अनेकन दुःख गरेर जीवनलाई सबल अनि सफल बनाउने कार्य उनीबाट भयो । घर-जग्गाको कारोबार उकालो लागेको बेला उनले त्यसमा हात हालेकी थिइन् । 'त्यस कार्यबाट निक्कै सफलता प्राप्त भएपछि केही बनें र समाजको लागि केही गर्न सकें', उनले भनेकी छन् । विशेष गरेर अपाङ्ग क्षेत्रमा धेरै काम गर्ने सोच उनले बनाएकी छन् । उनले धेरै अपाङ्ग बालबालिकालाई सहयोग गर्दै आएकी छन् ।

उषाको संस्कृत मोह

डा. उषा अमात्य श्रेष्ठ जुन पृष्ठभूमिबाट साहित्य क्षेत्रमा प्रवेश गरेकी थिइन्, त्यो फरक थियो । उनको जस्तो पृष्ठभूमि भएका महिला कि त विलाशी जीवनमै भुलिरहेका हुन्छन्, नत्र व्यापार-व्यवसायमा लागेर धनसम्पत्ति बढाउनतिरै केन्द्रित रहन्छन् तर उनको रूचि भने फरक क्षेत्रतिर भइदियो । स्कुले जीवनदेखि नै जागेको साहित्य मोह घट्ने होइन झन् बढ्दै गएको छ र झाँगिदो क्रममा छ । पछिल्ला केही वर्ष अलि सुस्ताएको उनको लेखनले फेरि गति लिन थालेको छ तर फरक ढंगमा । उनी अहिले संस्कृत भाषासाहित्यको गहन अध्ययन अनुसन्धनानमा लागेकी छन् र केही समयमै त्यस विषयमा पुस्तक प्रकाशनको तयारीमा छिन् ।

संभ्रान्त नेवारी परिवारको जन्मघर र कर्मघर भएकोले नेपाली भाषामा साहित्य सिर्जना गरेकोलाई नै अनौठो मानिएकोमा अब संस्कृत भाषासाहित्यप्रतिको उनको मोह नेपाली बौद्धिक वर्गमा अवश्य पनि एउटा तरंग ल्याउन काफी हुनेछ । २०५८ सालमा प्रकाशित उनको कवितासंग्रह 'समयको कार्डियोग्राम'को भूमिकामा वरिष्ठ साहित्यकार मदनमणि दीक्षितले लेखेका थिए- 'प्रस्तुत पुस्तककी लेखिका उषा श्रेष्ठ काठमाडौंको शीर्षस्थ नेवारी समूहकी सदस्य हुन् । पति र पिता दुवै पक्षबाट लेखक उषा श्रेष्ठ उच्च सम्पन्न समुदायबाट आएकी हुन् । अचेल त्यस्ता परिवारका नारी र पुरूष दुवै उच्च शिक्षितसमेत रहेका देखापर्छन् तथा त्यस्ताहरूमध्ये कमैमा साहित्यप्रति, त्यसमा पनि सिर्जनशील साहित्य लेखनप्रति कमै आकर्षण रहेको देखापरेको छ । उषा श्रेष्ठ त्यसमा नयाँ विकल्पको रूपमा हाम्रासामु छिन् ।'

उषाको साहित्य प्रवेशलाई नै अनौठो मान्ने विद्वान लेखक

संस्कृत विश्वको सर्वप्राचीन भाषा हो । नासाले पनि संस्कृतलाई प्राचीन भाषाको मान्यता दिइसकेको छ। संस्कृतमा अथाह ज्ञानभण्डार भएका पुस्तकहरू छन् । संस्कृत हजारौं वर्षदेखि अपरिवर्तनशील रहेकोले कम्प्युटरका लागि सबभन्दा उपयुक्त भाषा भएको पनि वैज्ञानिक पुष्टि भइसकेको छ।

दीक्षितले उनको संस्कृत भाषासाहित्यप्रतिको मोह र बढ्दै गएको दक्षता थाहा पाउने हो भने सायद जिब्रो टोक्नेछन् । आफूले दुई वर्षदेखि त्रिभुवन विश्वविद्यालय केन्द्रीय संस्कृत विभाग कीर्तिपुरमा संस्कृत भाषासाहित्यको अध्ययन-अनुसन्धान गरिरहेको रहस्य उनले 'हट नेपाल' मार्फत पहिलो पटक सार्वजनक गरेकी हुन् । अर्थशास्त्र विषयमा विद्यावारिधि गरेकी उनले अहिले संस्कृतमा गहन अध्ययनको आवश्यकता किन महसुस गरिन् त ? प्रश्न उत्पन्न हुन्छ । उनको जवाफ सरल छ- 'संस्कृत विश्वको सर्वप्राचीन भाषा हो । नासाले पनि संस्कृतलाई प्राचीन भाषाको मान्यता दिइसकेको छ । संस्कृतमा अथाह ज्ञानभण्डार भएका पुस्तकहरु छन् । संस्कृत हजारौं वर्षदेखि अपरिवर्तनशील रहेकोले कम्प्युटरका लागि सबभन्दा उपयुक्त भाषा भएको पनि वैज्ञानिक पुष्टि भइसकेको छ । यही तथ्यलाई मनन गरी यहाँभित्रको ज्ञान लिन मैले संस्कृत अध्ययन थालेकी हुँ ।'

संस्कृतमा अब एक वर्षको अध्ययन पूरा गरेपछि संस्कृत-नेवारी शब्दकोश निर्माणमा जुट्ने योजना उनले सुनाइन् । दुई वर्षको अध्ययनमै संस्कृतका ठेलीहरु पढ्ने र अर्थ खुट्याउने क्षमता उनले राखिसकेकी छन् । भित्रैदेखि रूचि र चासो भएमा भाषा सिक्न र त्यहाँभित्रका रहस्य जान्न धेरै समय नलाग्ने उनको अनुभव छ । पछिल्लो समय संस्कृत भाषालाई राज्य, राजनीतिक दल तथा जनस्तरबाटसमेत महत्व कम दिन थालिएकोप्रति उनको चित्तदुखाइ छ । संस्कृत प्राचीन भाषा भएकोले यस भाषामा लेखिएका वाङ्मयको बारेमा पूर्ण ज्ञान पाउन सानोतिनो अध्ययनले नपुग्ने उनको बुझाइ छ । संस्कृत भाषालाई हेलाको दृष्टिले हेर्नेलाई उनी अविकसित मस्तिष्कको उपज भन्न चाहन्छिन् ।

उषाका बाबु कृष्णबहादुर अमात्य प्रतिष्ठित व्यवसायी थिए । नेपालमा बैंक स्थापना हुनुअघि उनले विदेशी मुद्रा सटहीको सुविधा उपलब्ध गराएका थिए । त्यसैले उनलाई 'पायोनियर फरेन एक्सचेन्जर'का रूपमा अहिले पनि सम्झना गर्ने गरिन्छ । उनका दाजु पीयूषबहादुर अमात्यले बाबुको व्यवसायलाई कैयौं गुणाले बढाई गर्व गर्नलायक नेपाली

व्यवसायीका रूपमा प्रतिष्ठा कमाएका छन् । व्यवसाय क्षेत्रमा भिजेका बाबु र दाजुले उषाले साहित्य सिर्जना गरेको त्यति रूचाएका थिएनन् तर पनि उनले आफ्नो इच्छालाई कहिल्यै दबाइनन् । उनी लुकी लुकी पनि लेखन जारी राख्थिन् । उनले स्कुले जीवनमै 'द राइजिङ नेपाल'मा 'चेन्जिङ फेसेज अफ वुमन इन नेपाल' शीर्षकको लेख छपाएकी थिइन् । त्यसपछि दाजुका साथी कवि मदन रेग्मीले उनका केही कविता लगेर 'रूपरेखा' साहित्यिक पत्रिकामा छपाइदिएका थिए । त्यसरी सुरू भएको साहित्यिक यात्रा 'जीवन : एक परिधि', 'समयको कार्डियोग्राम', 'मन पन्छी', 'भागवत बाहिनी' (अनुवाद), 'जिन्दगी पलपलको' (हिन्दी, उर्दू) तथा प्रेसमा जानै लागेको व्यङ्ग्य कवितासंग्रहसम्म फैलिएको छ । साथै उनका केही गीतहरु पनि रेकर्ड भएका छन् । आधुनिक, राष्ट्रिय गीत तथा भजनसमेत लेखेकी उनको यो गीत अहिले नेपालीको ओठमा झुन्डिन थालेको छ-

मेरो देश यस्तो देश सबैको प्यारो देश
पराई पनि आएर भुल्छन् उनकै आफ्नै देश
यहाँ पाइला टेक्ने सबै भन्छन्
कति सुन्दर देश, हाम्रो देश ।

साहित्यिक हुनुको नाताले उनी हरेक महिना केही न केही पुस्तक किनिरहेकै हुन्छिन् । उनको पुस्तक किन्ने थलो धेरैजसो बुक प्वाइन्ट हुनेगर्छ । उनी ब्याग, घडी र कपडाको सोखिन छिन् र ब्रान्डेड सामानमै विश्वास गर्छिन् । त्यसैले आफ्नो लागि सामानहरु धेरैजसो लन्डनबाट मगाउँछिन् । नेपालको पस्मिनालाई जित्ने विदेशी शल भने उनले अहिलेसम्म भेटेकी छैनन् । नेपालमा किनमेल गर्नुपर्दा सिटी सेन्टर उनको रोजाइको शपिङ कम्प्लेसक्स हो । श्रीमान् र छोराहरु गाडीको सोखिन भए पनि त्यसमा उनको त्यति छनोट छैन । भगवान्प्रति आस्था राख्ने उनी गणेशको विशेष आराधना गर्छिन् । त्यसपछि उनी लक्ष्मी, भगवती, सरस्वती र उमामहेश्वरको पनि भक्ति गर्छिन् । हरेक दिन पूजालाई समय छुट्याउने उनी घन्टौं मन्दिरमा उभिएर पूजा गर्दैमा धर्म नहुने धारणा राख्छिन् । पूजा उनी आफ्नै समयमा, आफ्नै मर्जीले गर्ने गर्छिन् । दुई छोरा आशिषलाल श्रेष्ठ, शैशवलाल श्रेष्ठ र पति जितेन्द्रलाल श्रेष्ठलाई व्यवसायमा सघाउँछिन् र बाँकी समय लेखन-अध्ययनमै तल्लीन हुन्छिन् ।

सदाबहार गायक सूर्य थुलुङ शहीदको चेला

म शहीदको चेलो हुँ। मैले पहिलो पल्ट मेरो आदर्श गुरु शहीद रत्न बान्तवाको प्रेरणाले गाएको पहिलो जनवादी गीतको बोल यो थियो- मेरा गल्लीका भोका-नाङ्गाहरू...।





कालजयी गीतका गायक सूर्य थुलुङ देउमाईको किनारामा शहीद भएका रत्नकुमार बान्तवाका चेला हो भन्ने धेरैलाई थाहा छैन । गायक थुलुङसँग शहीद रत्न बान्तवाले दिएको नोटबुक अझै सुरक्षित रहेको छ । नोटबुकमा शहीद बान्तवाको हस्तलिखित नोटहरु रहेको छ । शहीद बान्तवासँग २०३०-०३१ सालमा इलामको नारायणथानमा आईए अध्ययनका क्रममा अंग्रेजी विषयको ट्युसन पढ्दा उक्त नोटबुक दिएको खुलासा थुलुङले काठमाडौ सुकेधारास्थित निवासमा 'हट नेपाल'सँगको भेटमा गरेका हुन् । त्यसबखत इलामको नारायणथानमा रूमपार्टनर भएर केही महिना बसेको समेत बताउने थुलुङको २०१५ साल असार १३ गते इलामको श्रीअन्तुमा जन्म भएको हो । २०३४ सालमा पहिलोपल्ट रेडियो नेपालमा 'मागी मीठो खाँदैन, चोरी राम्रो लाउँदैन यो नेपाली टिठो..'बोलको गीत रेकर्ड भएको थियो । यो गीतको रेकर्डपछि नै नेपाली सुगम संगीतमा थुलुङको विधिवत रूपमा सांगीतिक यात्रा प्रारम्भ भएको थियो ।

संगीतप्रति अत्यन्त लगाव राख्ने थुलुङले सुटसँग गितार साटेका थिए । जुन घटनालाई उनले यसरी बताए- "दशैंको बेलामा १४ वर्षको उमेरमा पहिलोपल्ट बुबाले मलाई सुट किनिदिनुभएको थियो । त्यो सुट गितारसँग साटेको त्यो क्षण म भुल्न सक्तिन । सुट त्यसरी साटेपछि मलाई बुबाले हप्कीदप्की गर्नुभएको थियो । म साऱ्है रोएँ । गितार फिर्ता गरेर सुट लिने कार्य मबाट भएन । श्रीअन्तुबाट इलाम सदरमुकाम आएँ सोही गितार बोकेर । नारायण गोपालको चर्चित गीत ईश्वर तैंले रचेर फेरि गाएँ । पुरस्कार पनि पाएँ । १४ वर्षको उमेरको त्यो क्षण म कहिले पनि भुल्न सक्तिनँ ।"

शहीद रत्नकुमार बान्तवालाई गुरू मान्ने उनले आफू आदर्श चेला भएको दाबी गर्दै अगाडि भने-" शहीद भएका रत्न कुमार बान्तवा नै मेरो आदर्श गुरू हुनुहुन्छ । मलाई इलामको कलेजमा पढ्दा अंग्रेजी लगायतका विषयको ट्युसन पढाउनु भयो । उहाँले नै मलाई जनवादी गीत पनि गाउन लगाउनु भयो । यसर्थमा मेरो पढाइ तथा गायन दुवैको प्रोत्साहन अनि प्रेरणा नै शहीद रत्न कुमार बान्तवा हुन् । म शहीदको चेलो हुँ । मैले पहिलो पल्ट मेरो आदर्श गुरू शहीद रत्न बान्तवाको प्रेरणाले गाएको पहिलो जनवादी गीतको बोल यो थियो- मेरा गल्लीका भोका-नाङ्गाहरू..।"

इलामको खानेपानी प्रोजेक्ट हुँदै २०३२ सालतिर खानेपानी विभाग काठमाडौंमा थुलुङ सरूवा भए । काठमाडौं सरूवा भएपछि खानेपानीमा ३ वर्षजति काम गरेका उनले साझा प्रकाशनमा एक वर्ष, एकेडेमीमा ७ वर्ष र रेडियो नेपालमा १२ वर्ष जागिरे बने । त्यसपछि सन् १९९० देखि १९९८ सम्म जापान बसे । जापान बसाइको क्रममा जापानीलाई समेत नेपाली सिकाउने उनले त्यहाँ जापानी गीत पनि गाए । सन् १९९८ यता जापानबाट फर्केर स्वतन्त्र रूपमा नेपाली गीत-संगीतमा लागिरहेका उनले ३ सय गीत गाइसकेका छन् । उनले १ सय ५० वटा गीतमा संगीत दिइसकेका छन् । त्यसै गरेर १ सय गीत रचना गरिसकेको बताएका छन् ।

थुलुङका कालजयी गीतमा बादलुको दरबारमा पहाडको मेला, मागी मीठो खाँदैन चोरी राम्रो लाउँदैन, साऱ्है पाऱ्यो आज मलाई तिम्रो सम्झनाले, माछी मार न दाइ हो आजलाई चटनी, बत्तीहरु निभिसके अब मुटु जल्न देऊ, करेसामा लालुपाते वनैभरि गुराँस, स्याङ्जा झरेसी को कसले देख्छ बसमा चढेसी, मायाको डोरी, यति टाढा हुँदा पनि तिम्रो याद आउँछ, जिन्दगी नै मेरो धराप, हे धीर वीर नेपाली, गागनै खोला बाढी है आयो, मर्ने बेला कोही छैन- किर्लिङ-किर्लिङ झ्याइँ, मेरो मन दुख्छ हजुर भाइको मन दुखे लगायतका छन् । गीति-एल्वममा पर्खाइको क्षण, माछी मारन, हिउँदे सिमीलाई र सूर्य थुलुङका लोकगीतहरु छन् ।

चुम्बन चर्चा

सुषमाको टङकिसमा चुरोटको गन्ध

पहिलो पल्ट त्यसमाथि पनि नायक होइन । महानायक राजेश हमालसँग टङकिस गर्नुपर्दा जोसुकै नायिका पनि नर्भस हुनु स्वभाविकै हो । पछिल्लो पुस्ताकी हट नायिका सुषमा कार्की पनि नर्भस हुनु स्वाभाविकै हो । हाल रिलिज हुन लागेको चलचित्र 'मेरो जीवनसाथी'को सेटमा महानायक राजेश हमालसँग टङकिस गर्ने दृश्य गर्नुपहिले नै उनी नर्भस बनिन् । नर्भसवाट बच्न सुषमाले लुकीछिपी भए पनि स्मोक गरेरै छाडिन् । एकातिर महानायकसँग टङकिस गरेर बेडसिन दिनुपर्ने, अर्कोतिर हमालको व्यक्तित्वले अझ डराएकी सुषमाले त्यसो गर्न बाध्य नै भइन् । स्मोक गरेर फ्रेसनर प्रयोग गर्न भुलेकी सुषमाको मुखनेर जब महानायक हमालको मुख पुग्यो तब महानायक हमालले नराम्ररी अनुहार कुच्याएको देखियो । सुषमाको मुखबाट व्हास्स चुरोटको गन्ध आएपछि हमालले त्यसरी अनुहार बिगारेको नर्भस सुषमालाई थाहै भएन । धन्न चुरोटको व्हास्स गन्धलाई सहेरै भए पनि हमालले टङकिस गरे । बेडसिन दिए ।

भुवनले जबरजस्ती चुम्बन गरे

● करिश्मा मानन्धर, नायिका

पहिलोपल्ट मैले चलचित्र 'मनकामना'मा चुम्बन यानी अधरपानको दृश्य दिएकी थिएँ । त्यो पनि नायक शिव श्रेष्ठसँग करिब एक मिनेट लामो । उक्त चुम्बनको दृश्य गर्न मलाई खासै गाह्रो भएन । बरू, शिव श्रेष्ठलाई गाह्रो भैरहेको थियो । त्यतिबेला मलाई के गर्दा हुन्छ र हुँदैन भन्ने कुरा पनि थाहा भएन । मलाई गर भनियो । मैले सहज स्प्रमा गरिदिएँ । मलाई मनकामनाको उक्त दृश्य अस्वाभाविक पनि लागेन । मेरा आदरणीय दर्शकहरूले त्यसलाई माया दर्शाउने माध्यमका स्प्रमा लिए । मलाई खुशी पनि लाग्यो । त्यसको केही वर्षपछि अर्को चलचित्र 'महादेवी'मा गराइएको चुम्वन दृश्य भद्दा तथा बेकारको थियो । निर्देशकको सल्लाहमा नायक भुवन केसीले मलाई जबरजस्ती चुम्बन गरेपछि व्यापक विवाद पनि भयो । त्यो फिल्ममा चुम्बन दृश्य दिने पक्षमा नरहँदा पनि जबरजस्ती भएपछि कुटाकुट समेत हुन पुग्यो । त्यसलाई मैले विडम्बनाको स्प्रमा लिएकी छु ।

टङ किसै गर्नुपर्‍यो

● सोनिया केसी, नायिका

मेरो पहिलो चलचित्र सिलसिलामा पहिलोपल्ट नायक राज तिमिल्सिनालाई टङ किस गर्नुपर्ने दृश्य आइपर्‍यो । सुरूमा यो दृश्य गर्न मलाई अवश्य पनि गाह्रो भएको थियो । पछि मैले त्यस दृश्यलाई स्वाभाविक स्प्रमा लिएँ । राजसँग टङकिस दृश्य दिँदा मलाईभन्दा राजलाई गाह्रो भएको थियो । त्यस्तै एक मिनेट लामो टङकिसको कारण व्यापक चर्चा पनि भयो । चलचित्र 'सिलसिला' पनि चल्यो । सिलसिलापछि प्रत्येक फिल्ममा टङकिसै मात्र गर्नुपर्ने दृश्य आइपरेर पो मार्‍यो त !

टङ होइन, लिप टच किस

● नन्दिता केसी, नायिका

मैले पहिलोपल्ट पछिल्लो चलचित्र 'द युगदेखि युगसम्म'मा महानायक राजेश हमालसँग चुम्बन दृश्य दिएँ । राजेश हमालजस्तो महानायकसँग ओठ जोडेरै चुम्बन गर्नुपर्दा निश्चय पनि म नर्भस बनेकी थिएँ । किनकि, त्यो दृश्य आफैमा सजिलो भने पक्कै थिएन । राजेश दाइले मेरो माथिल्लो ओठमा त्यस्तै पाँच सेकेण्ड मात्र चुम्बन गरेका हुन् । बाँकी सबै ओभरल्याप सर्ट लिइएको थियो । किससिन सिम्पल भए पनि पछि मिडियामा प्रचार गर्दा निर्माण पक्षले व्यापक प्रोपोगान्डा गरे, जुन मलाई त्यति मन परेन । म टङ किसको विरोधी हुँ । लिप टच किस गर्दा खासै नराम्रो असर पर्दैन पनि । स्वाभाविक प्रेम दर्शाउने दृश्य पनि हुन जान्छ ।

जीउ सिरिङ्ग हुँदो रहेछ

● दमन रुपाखेती, हास्य कलाकार

हुन त मैले कुनै पनि चलचित्रमा अधरपान यानी चुम्वन दृश्य दिएको छैन । कथाले मागेको खण्डमा दृश्यमा स्वाभाविक भए चलचित्रमा मात्र होइन, मेरो लामो भागको हांस्य सिरियल भ्र्याइँकुटी-भ्र्याइँमा समेत दिनेछु । मेरो भ्र्याइँकुटी-भ्र्याइँका लब्ली संगम राईसँग सिरियलमा त होइन, फोटो-सेसनमा चाहिँ चुम्बन गर्ने अवसर पाएँ । त्यसरी चुम्बन गर्दा त जीउ सिरिङ्ग हुँदो रहेछ । शायद पहिलो अनुभव भएर पनि मलाई त्यस्तो लागेको हुनुपर्छ । हामीले फोटोमा टङ किस त होइन, गालामा हल्का चुम्बन मात्र गरेका हौं । क्यामराको ट्रीकले त साँच्चैको टङ किसजस्तै पो देखिँदो रहेछ । झण्डै घरकी बूढीले नमारेकी । जे होस्, चुम्बन माया दर्शाउने संकेत हो । युरोपतिर चुम्बन भनेको हामीकहाँ नमस्ते गरेजस्तै हो । हामीकहाँ पनि चुम्बनले विस्तारै स्थान पाउन थालेको छ ।

मोडल/नायिका
सोनिया शर्मा

तस्वीर
राजीव श्रेष्ठ, फोटो बैंक स्टुडियो

मेकअप
सन्तु तामाङ, मेकअप स्टुडियो, बजार

ब्युटी टिप्स

शारदा श्रेष्ठ
(सौन्दर्यविज्ञ)

सुन्दर बन्ने ५ उपाय

१. मेकअप त्यो पनि विशेष मेकअप विशेष अवसरमा गर्ने गरिन्छ । त्यस अवसरमा गरिने मेकअप दुलहीमा गरिने मेकअपजस्तै हुन्छ । विशेष मेकअप गर्दा सबैभन्दा पहिले आफ्नो अनुहारको छालाको रंग हेरेर फाउन्डेसन लगाउनुपर्छ । त्यसपछि छाला तैलीय छ भने धुलो पाउडर लगाउनु पर्छ । सामान्य अथवा सुख्खा छाला छ भने कम्प्याक्ट पाउडर लगाउनुपर्छ । त्यसपछि आँखाको मेकअप गर्नुपर्छ । आँखामा गोल्डेन सेट दिनु अझ राम्रो हुन्छ । मसिनो लाइनको आइलाइनर लगाउनुपर्छ । लिपलाइनरले ओठको आकार मिलाउने । त्यसपछि लिपिस्टिक लगाउने र अन्त्यमा सिमर लगाउने । निधारमा आकर्षक टीका लगाउनुपर्छ । मेकअपअनुरूप हेयर स्टाइल गर्न सकिन्छ ।

२. अनुहारको रौं हटाउने अनेक विधि छन् । इलेक्ट्रोलाइसिस, वाक्सिङ, थ्रेडिङ, लेजर थेरापी, हेयर रिमुभर आदि प्रकृया अपनाएर रौं हटाउन सकिन्छ । यीमध्ये कुनै एक विधि अपनाउन सकिन्छ । लेजर थेरापी र इलेक्ट्रोलाइसिस प्रविधिले स्थायी रूपमै रौ हटाउन सकिन्छ ।

३. गर्भावस्थामा अनुहारमा चायाँ देखापर्न सक्छ । भिटामिन ए र आइरनको अभावको कारण चायाँ आउने गर्दछ । यसको समाधानको लागि जटा भएको नरिवल पानीमा आधा चम्चा चन्दन पाउडर, आधा चम्चा पिसेको तुलसीको पात र अलिकति पुदिनाको रस मिसाएर चायाँ भएको भागमा लगाउने र १५ मिनेटपछि चिसो पानीले पखाल्ने । यो उपाय दिनहुँ राति सुत्ने वेलामा अवलम्वन गरे समस्या समाधान हुन्छ ।

४. छाला अति सुख्खा वा पातलो भए चाँडै चाउरी पर्न थाल्छ । नाइटक्रिम लगाउनुअघि दक्ष ब्युटिसियनकहाँ गएर फेसियल गराउनुपर्छ । यसको लागि कुनै प्रतिष्ठित कम्पनीको एन्टिएजिङ क्रिम लगाउनु राम्रो हुन्छ । उमेरको हिसाबमा ३५ वर्ष कटेपछि मात्र यो क्रिम प्रयोग गर्नु राम्रो हुन्छ ।

५. जाडोमा छालको सुरक्षाका लागि मनतातो पानीले नुहाउनु पर्छ । धेरै तातोपानीले नुहाउँदा शरीरको प्राकृतिक नरमपन हट्छ र छाला सुख्खा हुन्छ । नुहाउनु १० मिनेटअघि सर्स्युंको तेलले कपाल तथा शरीरको मालिस गर्नुपर्छ । नुहाइसकेपछि शरीरमा मस्चराइनिजङयुक्त बडी लोसन लगाउनु पर्छ ।

यसरी भगाउँछ बुढ्यौलीलाई

सरसफाइमा ध्यान दिने र राम्रा विचालाई मनमा स्थान दिने, रिस, इर्ष्या, लोभ, तनाव आदि कुराबाट आफूलाई बचाउने र शुद्ध पानी प्रशस्त पिउने गर्नाले मान्छेको जीवनमा बुढ्यौलीले हत्तपत्त चिहाउन सक्दैन ।

मधु शर्मा

मान्छेको जन्मसँगै उमेर बढ्ने क्रमको सुरूवात हुन्छ । शिशु अवस्था, वाल्यकाल, किशोर अवस्था, युवा अवस्था, पार गर्दै प्रौढ अवस्थासम्म पुग्ने क्रममा मान्छे क्रमशः अल्छी र सुस्त हुँदै जान्छन् र शरीर पनि कमजोर हुँदै जान्छ । शरीरको शक्ति घट्दै जान्छ, स्वास्थ्य कमजोर हुन्छ शरीरमा बोसोको मात्रा थुप्रिदै जान्छ र स्मरणशक्तिमा समेत ह्रास हुँदै जान्छ । यो सब हुनुको कारण के हो भने उमेर बढ्दै जाने क्रमसँगै मान्छेको जातलाई बढ्ता आराम चाहिने हुन्छ र सकेसम्म शरीरलाई कष्ट र परिश्रम गर्नबाट जोगाउन खोज्ने हुन्छन् । यसैको परिणामस्वरूप मान्छेको शरीर भद्दा र कमजोर हुन पुग्दछ तर बुढ्यौलीमा देखिने यी सब लक्षणबाट आफूलाई जोगाउन चाहेमा त्यो असम्भव भने छैन । यसको लागि सबैभन्दा महत्वपूर्ण कुरा त व्यायाम नै हो । योबाहेक हामीले हाम्रो दिनचर्या जस्तै खाना खाने, सुत्ने, उठ्ने, व्यायाम गर्ने, आदि काम नियमित गर्ने, सन्तुलित भोजन खाने, खाना खाँदा स्वादलाई भन्दा स्वास्थ्यलाई महत्व दिने, सकेसम्म बासी, सडेगलेका खानेकुरा र जंक फुड नखाने, सुद्ध र शाहाकारी खाना खाने, खाना खाँदा पेटमा अटेसमटेस हुने गरेर नखाने बरू छिटो छिटो केही न केही खाइरहने, सरसफाइमा ध्यान दिने र राम्रा राम्रा विचारहरूलाई मनमा स्थान दिने, रिस, इर्ष्या, लोभ, तनाव आदि कुराबाट आफूलाई बचाउने र सुद्ध पानी प्रशस्त पिउने गर्नाले मान्छेको जीवनमा बुढ्यौलीले हत्तपत्त चिहाउन सक्दैन । अर्को महत्वपूर्ण कुरा के हो भने तपाईंले कहिले पनि मनमा आफ्नो रूप, सौन्दर्य, धन प्रतिष्ठा आदिलाई लिएर हीनताबोध नगर्नुहोस् र घमन्ड पनि नगर्नुहोस् ।

हिन्दी फिल्मकी सदाबहार अभिनेत्री रेखाले आफ्नो सदाबहार सौन्दर्यको रहस्य व्यायाम र सकारात्मक सोचाइ भएको खुलासा गरेकी छन् । प्रायः गरेर मान्छेहरु ३० वर्ष उमेर पार गरेपछि टाउको झुकाएर हिंड्ने गर्छन् । यो बानी राम्रो होइन । टाउको अथवा शरीरलाई अगाडितिर झुकाउने बानीले चिउडोको तल अर्को चिउडो जस्तो देखिन्छ । घाँटीमा चाउरी पर्छ र पेटमा मासु थुप्रन्छ । त्यसैले यो बानीलाई आजै सुधार्नुहोस् । यदि तपाईंले ४० वर्ष पार गर्दासम्म व्यायाम गर्नसुरू गर्नु भएन वा मर्निङ वाक गर्नुभएन भने यो कुरा निश्चित छ कि अब तपाईंका हाडहरु कमजोर हुनुका साथै तपाईंका मांसपेशीहरु समेत कमजोर, गिलो र शरीर थुलथुल अनि कमजोर हुन्छ । उमेर बढ्ने क्रमसँगै हाम्रो शरीरमा भएको लचिलोपनामा कमी आउँदै जान्छ । जसले गर्दा हामी प्रौढ देखिन्छौं । त्यसै कारण यदि नियमित व्यायाम गर्न सम्भव नभए पनि हप्तामा ३/४ पटक व्यायाम गरेरै भए पनि शरीरलाई सकेसम्म लामो समयसम्म लचकपन कायम राख्नु पर्छ । पुरूषका तुलनामा ४० वर्ष पार गरेका महिलाहरूमा महिनावारी रोकिने कारणले शरीरमा टेस्टोस्टेरोन हर्मोनको मात्रा अचानक घट्छ, जसको कारण उनीहरूको हाड र मांसपेशी कमजोर हुन्छ र शरीरको तौल भने बढ्न थाल्दछ । त्यसै कारण पनि स्वास्थ र सौन्दर्यको लागि महिलाहरूले यस उमेरमा बिहान १/२ किलोमिटर हिँडने वा हल्का व्यायाम गर्नु अति नै अनिवार्य हुन्छ । यदि आफूलाई यस उमेरमा सक्रिय नबनाएर आराम गरिरहने हो भने मुटुसम्बन्धी रोग, कोलस्ट्रोल, डाइबेटिज, मोटोपन, क्यान्सर आदि हुने सम्भावना बढ्छ ।

व्यायामबाट प्राप्त हुने लाभ

एरोबिक	८० प्रतिशत
पौडी	१०० प्रतिशत
बास्केट बल	९० प्रतिशत
मर्निङ वाक	८० प्रतिशत
छिटोछिटो दौडनु	१०० प्रतिशत
साइकल चलाउनु	९० प्रतिशत
डान्स गर्नु	९० प्रतिशत
सिँढी चढ्नु	१०० प्रतिशत
टेनिस वा ब्याडमिन्टन	१०० प्रतिशत

तपाईंले यीमध्ये एउटा कुनै पनि व्यायाम दिनमा ३० मिनेट वा २० मिनेट मात्र गर्नु भए बुढ्यौलीबाट कोसौं टाढा रहनु हुन्छ । तपाईंलाई कुनै रोग लाग्दैन र तपाईं ६० को दशकमा पनि ४० वर्षको झैं देखिनु हुन्छ । त्यसैले आजैदेखि व्यायाम गर्न सुरू गर्नुहोस् । सदाबहार चिरयौवन भएर बाँच्नुहोस् ।

बुझ्नेलाई बुटिक

२०६५ सालमा सिमल एल्बम निकालेपछि गायिका सविना कार्कीको नेपाली सुगम संगीतमा चर्चा भयो । एल्बम निकालेपछि त्यसको चर्चा हुनु स्वाभाविक हो । गायिका कार्कीकै सुन्दरताको वर्णन गरेर त्यसको एक वर्षपछि कवि एवम् गीतकार डा. कृष्णहरि बरालले गीत नै लेखिदिए । उक्त गीतको बोल रहेको छ- "के म त्यस्ती राम्री छु र !" यो गीत 'सर्बदा' एल्बममा संगृहीत भएर आउनुअघि नै व्यापक चर्चा पायो । २०६६ सालभर यो गीतले व्यापक चर्चा पायो । स्वयं गीतकार डा. बरालले गायिका कार्कीको सुन्दरतालाई हेरेर त्यस गीतको सिर्जना गरेको जानकारी दिएपछि यसले धेरै अर्थ पाएको थियो ।

आधा उमेर पार गरेपछि गायन क्षेत्रमा आएकी गायिका कार्कीको सुन्दरता त्यसै कायम भएको भने, अवश्य होइन । उमेर जति बढे पनि शरीर सुहाउँदो फेसन गर्न जानेमा सुन्दरता बढाउन सकिन्छ । त्यो कुरा जान्नु पर्दछ । जानेमा अवश्य पनि सदाबहार सुन्दर बन्न सकिन्छ भन्ने ताजा उदाहरण गायिका सविना कार्की मात्र होइन, नायिका करिश्मा मानन्धर पनि देखिएकी छन् । उमेर भनेको आजको भोलि क्रमिक रूपमा घर्किरहेको हुन्छ । घर्किंदो उमेरलाई कसेर राख्ने या नराख्ने भन्ने कुरा आफूमा निर्भर रहने गर्दछ । त्यसलाई सविनादेखि करिश्मासम्मले जानेका छन् । त्यसैले त उनीहरूको सुन्दरता सदा ताजा गुलाफजस्तै बनिरहेको छ । कवि एवम् गीतकारहरु पनि कविता तथा गीतमा उनीहरूको खुलेर बयान गरिरहेको पाइन्छ ।

त्यो सुन्दरताको रहस्य धेरैले धेरै भने पनि शरीर सुहाउँदो ड्रेसअप नै हो । शरीर सुहाउँदो ड्रेसअपको लागि बजारू रेडिमेड कपडाले अवश्य पुट दिंदैन । कपडा लिएर टेलर मास्टरकोमा गएर शरीरको नाम-जाँच गरेर बनाउने पुरानो चलनलाई बजारू रेडिमेड कपडाले विस्थापित गराउने कार्य पनि भैरहेको छ । ती रेडिमेड कपडा लाउनुको पछाडि छिटोछरितो तथा झन्झटबाट मुक्त हुन प्रायःले प्रयोग गर्ने भए पनि शरीरको नाप-जाँच गरेर सिलाएको कपडा जस्तो फिटिङ अवश्य हुँदैन ।

एकातिर सुहाउँदो नहुनु अर्कोतिर फिटिङ नहुनाले शरीरको सुन्दरतामा त्यस्ता फेसनले आकर्षण देखाउने गर्दैन । सदा सुन्दर बन्न चाहने प्रायःले शरीरको नाप-जाँच गराएर झन्झट नमानिकन फुर्सदले कपडा लाउनेहरु जहिले पनि सुन्दर हुने गरेको तथ्यलाई गायिका सविना कार्कीदेखि नायिका करिश्मा मानन्धरसम्मले पुष्टि गरेका छन् । उनीहरूको भनाइमा शरीर सुहाउँदो नाप-जाँच गरेर

ज्ञानीशोभा तुलाधर

करिश्मा मानन्धर

राजेश धाख्वा

सविना कार्की

मात्र कपडा बनाइयो, सिजन अनुसार पहिरन लगाइयो भने सुन्दरतामा केही हदसम्म सहयोग पुऱ्याउँछ ।

जसरी खान जानिन्छ, त्यसरी नै लाउन जानु पर्दछ । लाउन जानेपछि राम्ररी बस्न जानिन्छ । यो ध्रुवसत्य हो । बाँच्नको लागि गाँस, बास र कपासको आवश्यकता हुन्छ भन्ने परापूर्वकालदेखिको भनाइ आजसम्म पनि सार्थक भइरहेको छ ।

कपडा सिलाउने पेसा गर्नेहरूलाई २०४६ सालको प्रजातन्त्रपूर्वसम्म पनि राम्रो दृष्टिकोणले हेर्ने गरेको पाइँदैन । पछि व्यवस्थित रूपमा व्यावसायिक टेलरिङको विकास भएपछि हेयको दृष्टिकोणले हेर्नेहरूले समेत सम्मानजनक रूपमा हेर्न थालेको भनाइ बीएसएस रेडिमेड उद्योगका फेसन उद्यमी विष्णु पुरूषको रहेको छ । उद्यमी पुरूष नेपालको फेसन उद्योगले विदेशमा समेत नाम कमाउन थालिसकेको बताउँछन् । नेपालमा डिजाइन भएका फेसनको दक्षिण एसियादेखि दक्षिणपूर्वदेखि मध्य युरोपमा समेत निर्यात हुन थालेको ताजा उदाहरणहरूले पुष्टि गरेको उद्यमी पुरूषको दाबी छ ।

नब्बेको दशकअगाडि नेपालीहरूले विशेषतः शहरबजार तथा गाउँघरका टेलरमास्टरकोमा गएर नाप-जाँच गरेर परम्परागत रूपमा कपडा सिलाएर लाउने प्रचलन थियो र अद्यावधिक पाइन्छ । नब्बेको दशकमा आएर नाप-जाँच गर्नुको अलावा शरीर सुहाउँदो अझ अनुहार एवम् हेयर स्टायल सुहाउँदो हेरेर कपडाको डिजाइनरले डिजाइन गर्ने नौलो प्रविधिको विकास भयो । त्यो विकास काठमाडौंको दरबारमार्गस्थित यास्मिन बुटिकको डिजाइनर यास्मिन राणाले विदेशमा सिकेको कुरालाई नेपालमा प्रयोग सुरू गरेकी थिइन् । उनले नेपालीहरूलाई लक्ष्यित गरेर हैन विदेशी पर्यटकहरूलाई लक्ष्यित गरेर बुटिक खोलेकी थिइन् । उक्त बुटिक पछि नेपालीहरूको

लागि पनि आकर्षण बनेको प्रसिद्ध बुटिक व्यवसायी एवम् चाहत बुटिकका मेनेजिङ्ग डाइरेक्टर राजेश धाख्वाको दाबी छ ।

काठमाडौंको दरबारमार्गमा यास्मिन बुटिकको आकर्षण विदेशीदेखि त्यो बेलाको धनाढ्य नेपालीहरूमा देखिएपछि फेसन डिजाइनर राखेर सरिता तुलाधर, प्रमिला आचार्य, सिके शाक्य, सगुन शेरचन, बासना क्षेत्री तथा कान्ता क्षेत्रीहरूले व्यावसायिका बुटिकहरु स्थापना गरेर बुटिक व्यवसायलाई अघि बढाएको पाइन्छ । त्यसबीचमा काठमाडौं थापाथली पुलबाट कुपण्डोल रोडमा चाहत बुटिक स्थापना गरेपछि कुपण्डोल रोडलाई बुटिक रोडको रूपमा विकास गर्ने श्रेय प्रसिद्ध बुटिक व्यवसायी राजेश धाख्वालाई जान्छ । हाल यस व्यवसायमा विश्व गौतम, नीलिमा शर्मा, निशा श्रेष्ठ, अनु केसी, दीपा पाण्डे, अनितेश कसन, अलपाजा राजवंशी, सजिता श्रेष्ठ लगायतकाको पनि प्रवेश भइसकेको छ ।

राजेश धाख्वाले कुपण्डोलमा २०५१-०५२ सालतिर चाहत बुटिक स्थापना गरेर व्यवसाय प्रारम्भ गरेपछि त्यसको बेग्लै आकर्षण देखियो । चाहतकै सिकोमा अन्य बुटिक व्यवसायीहरूले त्यस रोडमा बुटिकहरु धमाधम खोल्न थाले । ओदनी द बुटिकका राजीव थापाले दिएको जानकारी अनुसार कुपण्डोलमा मात्र हाल ३० भन्दा बढी बुटिक छन् । धाख्वाको चाहत बुटिक भने कुपण्डोलमा पार्किङको समस्या आएपछि दरबारमार्गमा स्थान्तरण भएको छ । त्यसअघि २०४०-०४१ सालतिर नमूना टेलर्सबाट काठमाडौंको न्यूरोडबाट टेलरिङ्गको विकासलाई अग्रता दिने कार्य नेपालको पहिलो फेसन डिजाइनर ज्ञानीशोभा तुलाधरवाट भएको थियो । ज्ञानीशोभाले नै टेलरिङबाट फेसन डिजाइनको विकासलाई नेपालमा अग्रता प्रदान गरेर नेपालकै पहिलो फेसन डिजाइनिङ कलेजको रूपमा नमूना फेसन कलेज समेत स्थापना भयो ।

हिजोसम्म सामान्य व्यवसायको रूपमा मानिएको टेलरिङमा थप विकास भएर हाल बुटिकमा परिणत भएको छ । बुटिक भन्नाले मानिसको शारीरिक बनौट तथा रूपरंगलाई हेरेर डिजाइनरले गर्ने डिजाइनशाला हो । जुन सामान्य टेलरमा सिलाएको कपडाभन्दा बेग्लै तथा फिटिङ पनि हुने र मानिसको सुन्दरतामा थप चमक थपिने बुटिक व्यवसायी धाख्वाको भनाइ छ । सामान्य टेलरिङमा सिलाएका कपडा तथा बजारू रेडिमेडका तुलनामा बुटिकमा डिजाइन गरेका कपडा अवश्य पनि महँगो हुने गर्दछ । महँगो हुने भएबाट बुटिक केबल धनाढ्यहरूको लागि मात्र खोलिएको भन्न नमिल्ने जिकिर धाख्वा गर्छन् ।

शरीरलाई सुन्दर बनाउन रूचाउने तथा फेसन कन्सस् हुने प्रायः धनीदेखि मध्यम बर्गसम्मका सबै अचेल बुटिक नै आउने गरेको डिजाइनर खुश्बु डंगोलको पनि भनाइ छ । डिजाइनर डंगोलको बुटिक पार्टनर राजीव थापा पहिलाको तुलनामा हाल बुटिक व्यवसाय निक्कै राम्रो भएको तथा नेपालीहरु नेपाली ब्रान्ड एवम् डिजाइनलाई प्राथमिकता दिन थालेको आफूले पाइएको खुलासा गर्छन् । बुटिक केवल फेसनेबल फेसन मात्र नभई यो शरीर सुहाउँदो डिजाइन गरेर ग्राहकको सन्तुष्टि प्रदान गर्ने थलो पनि भएको थापा बताउँछन् ।

आठ वर्षअघि काठमाडौंको व्यस्त नरदेबी-किलागलमा कभर द बुटिक खोल्ने नायिका एवम् मोडल क्षितिजा शाक्य प्रारम्भमा बुटिक व्यवसाय घाटाको व्यवसाय भए पनि हाल निक्कै नाफाको व्यवसाय भएको स्वीकार्छिन् । फाइदा हुन थालेपछि उनल न्यूरोड पाकोमा समेत हालै बुटिक व्यवसायको विस्तार गरेकी छन् । न्यूरोडमा चाहिँ क्षितिजाले क्षितिजाज बुटिक नाम दिएर बुटिक व्यवसायलाई विस्तार गरेकी छन् ।

बुटिकका कपडा सस्तोमा दुई हजारदेखि दुई लाखसम्म पनि मूल्य पर्ने गरेको छ । बुटिक व्यवसायी क्षितिजाले हालसम्म आफैले डिजाइन गरेको सारीलाई ४० हजारसम्ममा बेचेको तथा लेहेंगालाई १ लाख ६० हजारसम्ममा पनि बेचेको तथ्याङ्ग आफूसँग रहेको दाबी गरेकी

लण्डनमा नेपाली फेसन डिजाइनर

१३ वर्षअगाडि बेग्लै सपना बोकेर बेलायतको स्वप्न नगरी लण्डन आएकी मनीषा डंगोलको सोच केवल पढाइ मात्र थियो । लण्डनमा पढ्न आइपुग्दा भर्खरै १८ वर्ष मात्र कटेकी उनमा थुप्रै कौतुहल थियो-लण्डनको विषयमा । ब्रिटिशहरूको संभ्रान्त शहर लण्डनको वैभवमा उनी धपक्कै बलेकी थिइन् । मानौं लण्डन उनको लागि स्वप्नलोक नै हो ।

काठमाडौंको क्षेत्रपाटीमा हुर्की-बढी नेवारी संस्कार एवम संस्कृतिमा छप्पक्क भिजेकी मनीषालाई लण्डनले धेरै कुरा सिकायो । हुन त १३ वर्ष लामो लण्डन बसाइमा एमबीएसम्मको पढाइलाई उनले पूरा गरिसकेकी छन् । यतिखेर लण्डनमा बिजनेश वीमनको रूपमा आफूलाई स्थापित बनाउन सफल उनलाई त्यहाँको फेसन उद्योगले समेत बेग्लै नाम र प्रतिष्ठा दिइसकेको छ । लण्डनको प्रतिष्ठित फेसन डिजाइनरको रूपमा हाल उनी परिचित भइसकेकी छन् ।

फेसन उद्यम उनको व्यवसाय भएतापनि लण्डनको नेपाली समाजमा समाजसेवीका रूपमा बेग्लै परिचय कायम गरिसकेकी छन् । त्यसको अलावा पासा पुचः गुठी युकेमा आबद्ध रहेर नेवार समुदायमा पनि धेरै योगदान पुऱ्याइसकेकी उनको ७ वर्षअगाडि मात्र काठमाडौंकै सुनील श्रेष्ठसँग विवाह भएको हो ।

विवाह पश्चात पनि श्रीमान्कासाथ लण्डनमा नै बसोबास गर्दै आएकी उनका १ छोरा र १ छोरी छन् । छोराछोरी सानै भए पनि फेसन उद्यम र समाजसेवामा लाग्न जतिखेर पनि जस्तो समय निकाल्न पनि सक्षम उनीभित्रको यो खूबीलाई लण्डनमा मुक्तकण्ठले तारिफ गर्नेहरूको कमी छैन । 'यो सबै मेरो मेहनत र मेरो परिवारको साथ अनि सहयोग हो' उनी भन्छिन् ।

निरूका प्रधान/लण्डन

बुटिकमा हेमाको चटारो

पूर्वाञ्चलको चल्तीका फेसन डिजाइनरमा हेमा राई पनि एक हुन । धरान ९ बगैंचालाइन निवासी ३९ वर्षिया राईले १५ वर्षअघि काठमाडौंमा ६ महिने फेशन डिजाइनिङ गरेकी थिइन् । त्यसपछि फिलिपिन्समा पनि त्यति नै अवधिको ड्रेस मेकिङ तालिम लिएर धरानमा व्याबसायिक रूपमा कार्य प्रारम्भ गरेको उनले बताएकी छन् । सामान्य रूपमा धरानमा बुटिक सुरू गरेकी उनलाई हाल भ्याइनभ्याइ भएको छ । उनकै भाषामा भन्ने हो भने, उनलाई कामको चटारो परेको छ । कलेज रोडमा रहेको उनको स्प्लेण्डर बुटिकमा खास गरेर सारी, कुर्ता, लेहेंगा लगायतका इण्डियन वेयरका लागि प्रसिद्ध छ । उनले गरेको डिजाइनको पहिरन उर्लाबारी, इटहरी, विराटनगर बिर्तामोड, दमक, पथरीदेखि बेलायत, हङकङ, जर्मनी, ब्रुनाई अमेरिका र अष्ट्रेलियामा रहेका नेपालीहरूसम्म पुगेका छन् । डिजाइनमा नयाँ आइडिया निकाल्न उनी विश्वको टप सेलिब्रेटीदेखि हेल्लो, ग्राजिया र फिल्म फेयरसम्मका म्यागाजिनहरु नियमित हेर्ने गर्छिन् । महिलाका लागि प्रतिपिस २५ हजारसम्मका पहिरन तयार पारिरहेकी हेमाले अब धरानमा पुरूषका लागि पनि डिजाइन गर्न थालेकी छन् । २२ जनालाई रोजगारी दिलाउन सफल उनले बुटिकमा गहना र ब्याग एसेसरिज पनि राखेकी छन् ।

शब्द/तस्वीर : सोहन श्रेष्ठ/धरान

छन् । त्यसको मतलब बुटिकका कपडा महँगो भन्नुभन्दा त्यसमा प्रयोग हुने मेटेरियलले पनि धेरै मूल्य कायम गर्ने गर्दछ । जसले बुटिकको कुरा बुझ्छ-त्यसले किन्छ भन्ने भनाइ त्यसै आएको होइन भन्नेमा उनको उनको विश्वास छ ।

बुटिकको यसप्रकारको आकर्षणले नेपाली फिल्मका कतिपय नायिका तथा मोडलहरूले यसलाई पेसाको रूपमा अपनाएको पाइन्छ । क्षितिजा शाक्य यसको ज्वलन्त उदाहरण बनेकी छन् । बिहेअघिसम्म भाटभटेनीमा नायिका विपना थापाले पनि बुटिक खोलेर राम्रो व्यापार

गरेकी थिइन् । अर्की नायिका सिम्पल खनालले केही समय नक्सालमा बुटिक खोलेर ब्यापार गरे पनि व्यावसायिक रूपमा अगाडि बढाउन नसकेपछि उनी फिल्मलाइनमा नै फर्केकी छन् ।

जति बुटिक खुल्यो, त्यति नै यसले रोजगारको पनि सिर्जना गरेको पाइएको छ । यससँग सम्बन्धित धेरै कालिगढ जन्मिएका छन् । फेसन डिजाइनर तथा मोडलहरूलाई रोजगारी दिएको छ । यस सम्बन्धी थप शैक्षिक डिग्री हासिल गर्नको लागि काठमाडौमा नमूना फेसन कलेजका अलावा अरू कलेजको पनि स्थापना भइसकेको छ । एकातिर बुटिक व्यवसायप्रति युवाहरूको आकर्षण रहेजस्तै यस सम्बन्धमा अध्ययन गर्न चाहने जमात समेत देखिएको छ ।

- श्याम स्मृत

मिस इण्डियाको रेट

एक रातको १० हजार पाउण्ड

> एक रातको १० हजार पाउण्ड लिने गरेकी पामेला भारतको हरियाणामा जन्मेर मिस इन्डियाको ताज पहिरिएपछि इंग्ल्याण्डमा बसेर सेक्स वर्करको रूपमा कार्य गरेकी थिइन् ।

धेरै जनसंख्या भएको मुलुक भारत नेपालभन्दा करिब २२ गुणा छ । भारतमा कुनै पनि विषयमा प्रतिस्पर्धा गरेर अगाडि आउन जो कोहीलाई कठिन पर्छ । त्यसमाथि मिस इन्डियाको ताज पहिरन पाउनु आफैमा निकै ठूलो उपलब्धि हो । अझ मिस इण्डिया हुनेहरू संसारमै परिचित हुन्छन् । धेरै मिस इन्डियाहरूले मिस वर्ल्ड हुने अवसर समेत प्राप्त गरेका छन् । उनीहरूलाई विश्वले नै सम्मान गरेको पाइएको छ । तर, तिनै मिस इन्डियाहरु पनि सेक्स वर्करको रूपमा कार्य गर्दा रहेछन् भन्ने सुन्दा कतिलाई विश्वास नलाग्ने गरेको पाइन्छ । लुकीछिपी जे-जस्तो कार्य भए पनि प्रकाशमा आएको घटनाले संसारलाई हल्लाएको पाइन्छ । त्यो पनि लिबियाका पूर्वशासक मुअम्मर गद्धाफीसम्मको ओछ्यान तताउने कार्य सन् १९८२ की मिस इण्डियाबाट भएको जानकारीले तहल्का नै मच्चिएको छ ।

मिस इन्डियाको ताज पहिरिएर मोहम्मर गद्धाफी लगायत सयौं हाई प्रोफाइलका ग्राहकहरूको ओछ्यान तताउने महसुर युवती हुन् पामेला बड्र्स अर्थात् पामेला चौधरी । उनले निकै हाइप्रोफाइलको सेक्स वर्करको रूपमा काम गरेको रहस्य खुलेको छ । एक रातको १० हजार पाउण्ड लिने गरेकी पामेला भारतको हरियाणामा जन्मेर मिस इन्डियाको ताज पहिरिएपछि इंग्ल्याण्डमा बसेर सेक्स वर्करको रूपमा कार्य गरेकी थिइन् ।

को हुन् त पामेला ?

पामेला बड्र्सको जन्म सन् १९६१ मा भारतको हरियाणा राज्यको रोहतक जिल्लास्थित काडियाँ गाउँमा भएको थियो । यिनको नाम विवाहअगाडि पामेला सिंह चौधरी थियो । पामेला बड्र्स नाम बिहेपछि राखिएको हो । हिन्दू परिवारमा जन्मिएकी पामेलाका पिता सेनामा जागिरे थिए । उनको नाम मेजर महिन्दर सिंह कादियाँ थियो । उनी भारत-चीन युद्धमा मारिएका थिए ।

पिताको मृत्युपछि पामेलाको परिवार हरियाणावाट जयपुर बसाइँ सऱ्यो । जयपुरमा प्राथमिक तहको पढाइ सकेपछि पामेला नयाँ दिल्ली गइन् । त्यहाँ ग्र्याज्युएट गरेपछि उनले युरोपको पार्सन स्कुल अफ डिजाइनबाट प्रोफेशनल फोटोग्राफीमा डिग्री हासिल गरिन् ।

पामेला बड्र्स पढाइ पूरा गरिरहेका बेला भारतमा मिस इन्डियाको अडिशन सुरू भयो । उनले पनि आम सुन्दरीले जस्तै आवेदन दिइन् । विभिन्न चरणका छनौट पार गर्दै उनी सन् १९८२ को मिस इन्डिया हुन सफल बनेकी थिइन् ।

मिस इन्डिया भएपछि पामेला मिस युनिभर्स प्रतियोगितामा सहभागी बन्न युरोप जाँदा त्यहाँ उनको भेट व्यावसायिक फोटोग्राफर हेनरी बड्र्ससँग भयो र उनैसँग बिहे पनि भयो । पामेला त्यसपछि बड्र्स भइन् । बिहे भएको केही समयमा नै उनको श्रीमान्को मोटरसाइकल दुर्घटनामा मृत्यु भयो । श्रीमान्को मृत्यु पश्चात सन् १९८८ मा पामेला बड्र्स् युरोपमा एक्ली भइन् । मिस इन्डियाका भएयता धेरैसँग परिचित भएकी पामेला श्रीमान्को वियोगलाई बिर्सन सेक्स वर्कर बन्न थालिन् । मिस इन्डिया र हाई क्वालिफिकेशनको फेशन डिजाइनर भएकोले उनका ग्राहक हाई प्रोफाइलका हुन थाले । उनी चर्चित कर्ल गर्ल भइन् । उनका तस्वीरहरु पत्रपत्रिकामा व्यापक रूपमा आउन थाल्यो ।

लिबियाका पूर्वशासक मुअम्मर गद्धाफी इंग्ल्याण्ड जाँदा पामेलासँग धेरै पटक रात बिताएको खबर त्यहाँका पत्रिकाहरूले प्रकाशित गरेका थिए । चार दशक शासन गरेका गद्धाफी आफ्नै देशमा मारिए । गद्धाफीसँगको सम्बन्धबाट ब्रिटेनमा निकै धेरै चर्चामा पाएपछि पामेला भारत फर्किइन् ।

अथाह पैसा बोकेर भारत आएकी उनले घर किन्नुको अलावा बिभिन्न उद्योग धन्दाहरूमा समेत लगानी गरेकी छन् । उनले ती कम्पनीको नाम पामेला नै राखेकी छन् । सन् २०१० मा भारत फर्केयता पामेला व्यावसायिक फोटोग्राफर र डिजाइनर समेत भएकाले हाल फेसन डिजाइनरको रूपमा भारतमा कार्य गरिरहेकी छन् ।

> नेपाल वायु सेवा निगमको लागि नेपाल सरकारले खरिद गर्न लागेको एमए-६० विमानले त्यो सपना पूरा गर्दै छ। चीन सरकारसँग खरिद गर्न लागिको ती विमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरणले उडानयोग्य सर्टिफिकेट पनि प्रदान गरिसकेको छ। ६ वटा विमानमध्ये २ वटा अनुदानमा र बाँकी ४ वटा चीन सरकारले नै सहुलियत दरमा ऋण प्रदान गरी खरिद गर्ने व्यापारिक सम्झौता भइसकेको छ।

छलाङ मार्दै राष्ट्रिय ध्वजावाहक

■ लक्ष्मण सिटौला

एसियाको 'स्विजरल्याण्ड'को रूपमा आफ्नो अहं अस्मिता जोगाउँदै विश्वमाझ चिनिँदै आएको नेपाल लाखौं पर्यटकको गन्तव्यस्थलका रूपमा सर्वपरिचित छ । यहाँको आदिम संस्कृति, हिमाच्छादित पर्वत शृंखलाहरु, विविध जनजाति, बुद्ध जन्मस्थल, सगरमाथा, ऐतिहासिक कलाकौशल, हरियो पर्वत र मोहक हिमताल र नदीनालाहरूको अनुपम दृष्यावलोकन गर्न खोज्ने लाखौं पर्यटकको सपना अबको केही महिनामा पूरा हुँदै छ । नेपाल वायु सेवा निगमको लागि नेपाल सरकारले खरिद गर्न लागेको एमए-६० विमानले त्यो सपना पूरा गर्दै छ । चीन सरकारसँग खरिद गर्न लागिको ती विमानलाई नेपाल नागरिक उड्डयन प्राधिकरणले उडानयोग्य सर्टिफिकेट पनि प्रदान गरिसकेको छ । ६ वटा विमानमध्ये २ वटा अनुदानमा र बाँकी ४ वटा चीन सरकारले नै सहुलियत दरमा ऋण प्रदान गरी खरिद गर्ने व्यापारिक सम्झौता भइसकेको छ । अनुदानका २ वटा विमान नेपाल भित्रिएपछि सहुलियत ऋणमा अरू विमान आउने क्रम जारी रहनेछ ।

चीन सरकारले सहुलियत ऋणमा दिएको ६ वटा विमानले नेपालभरका आन्तरिक स्टेशनहरु, जहाँ निजी हवाई कम्पनीले उडान भरिरहेका छैनन्, ती स्टेशनहरूमा नेवानिले आफ्नो सेवा विस्तार गर्नेछ । पूर्वको ताप्लेजुङ (सुकेटार विमानस्थल) देखि पश्चिमको ताल्चा विमानस्थलसम्मका यात्रुहरूलाई विगतमा पनि सेवा दिइरहेको र अगामी दिनमा पनि सेवा विस्तारण गर्ने प्रतिबद्धता नेवानिले जाहेर गरेको छ ।

विगतमा गिरेको नेपाल वायुसेवा निगमको साख अब विस्तारै प्रतिष्ठामा परिणत हुँदै छ । आफूसँग भएको मौजुदा २ वटा ट्वीनअटर विमान र चीन सरकारबाट प्राप्त हुने ६ वटा गरी जम्मा आठ वटा विमानबाट आन्तरिक उडानतर्फको ५५ प्रतिशत बजार अब नेवानिले नै लिँदै छ र अन्तर्राष्ट्रिय उडानका लागि अब एक वर्षभित्र भित्रन लागेको २ वटा एयरबस र मौजुदा २ वटा बोइङ ७५७, जम्मा ४ वटा विमानले निगम छिट्टै नै आर्थिक रूपमा सवल हुँदै जाने देखिन्छ । एमए-६० द्वारा हुने पर्वतीय उडानका लागि अहिले नै सोधपुछ आउन थालिसकेको छ । पर्वतीय उडानपछि ट्र□ रूटका रूपमा एमए-६० ले विराटनगर, नेपालगञ्ज, पोखरा, भैरहवा र सिमरासम्म उडान भर्नेछ । अबका दिनहरूमा विमानको टिकट नपाएर प्राइभेट एयरलायन्सहरूले मनलाग्दी उठाइरहेको भाडा दरमा नियन्त्रण आउनेछ र यात्रुहरूले सास्ती भोग्न नपर्ने क्षणको उदय हुनेछ । नेवानि यो देशको 'माउ' एयरलायन्स हो । यस राष्ट्रिय ध्वजावाहकलाई जोगाउनु तमाम नेपाली नागरिककै उत्तरदायित्व हो ।

पानीमुनि रोमान्स

■ शब्द/तस्वीर : क्याप्टेन वेद उप्रेती

नेपाल भूपरिवेष्ठित देश भएकोले सामुद्रिक जीवनबारे थारै मानिस मात्र जानकार छन्। त्यसैले स्कुबा डाइभिङ के हो भनेर मसँग पनि प्रश्नहरू गर्ने गर्छन्। स्कुबा डाइभिङ भनेको अक्सिजन सिलिन्डर ढाडमा बोकेर माछाको पुच्छरजस्तो साधन खुट्टामा जडान गरी पानीमुनि गई त्यहाँको दृश्य नियाल्ने काम हो। यसलाई विश्वकै रोमाञ्चक र साहसी खेलका रूपमा लिइन्छ। विमान उडाउने क्रममा र फोटोग्राफीका सिलसिलामा म हिमालमाथि पनि पुगेको छु र समुद्रमुनि पनि। यी दुवै अनुभव रोमाञ्चक छन् तर पानीमुनिको संसार नियाल्दाको अनुभूति शब्दमा वर्णन गर्न सकिँदैन।

आकाशमा उड्ने पेसा भए पनि मलाई पानीमुनिको संसारले आकर्षित गरिरहन्छ । विमान उडाउने कामबाट फुर्सद मिल्नासाथ म जमिनमाथि र पानीमुनिको विचित्र विचित्र संसार नियाल्न आक्तनो क्यामरा लिएर निस्किहाल्छु । यसै सिलसिलामा मैले भारत, मलेसिया, मालदिभ्स, थाइल्यान्ड, इन्डोनेसिया, मलेसियालगायतका देशमा दुई दर्जनभन्दा बढी पटक स्कुबा डाइभिङ गरिसकेको छु र पानीमुनिको विचित्र संसारलाई आक्तनो क्यामरामा समेटिसकेको छु । ती स्थानमा स्कुबा डाइभिङका क्रममा खतरनाक सार्क माछा मभन्दा केही मिटरको दूरीमा भेटिएको थियो । त्यस बेला अलिकति पनि सावधानी नअपनाइएको भए ज्यानसमेत जाने खतरा हुन्थ्यो ।

स्कुबा डाइभिङमा जानुअघि मलाई प्रशिक्षण दिइएको थियो र नजिकै प्रशिक्षक रहेका हुन्थे, त्यसैले कुनै दुर्घटना हुन पाएन । नेपाल भूपरिवेष्ठित देश भएकोले सामुद्रिक जीवनबारे थारै मानिस मात्र जानकार छन् । त्यसैले स्कुबा डाइभिङ के हो भनेर मसँग पनि प्रश्नहरु गर्ने गर्छन् । स्कुबा डाइभिङ भनेको अक्सिजन सिलिन्डर ढाडमा बोकेर माछाको पुच्छरजस्तो साधन खुट्टामा जडान गरी पानीमुनि गई त्यहाँको दृश्य नियाल्ने काम हो । यसलाई विश्वकै रोमाञ्चक र साहसी खेलका रूपमा लिइन्छ ।

स्कुबा डाइभिङका बेला पानीमुनि देखिने विभिन्न आकारप्रकार र रंगका माछा, कोरललगायत लाखौं प्रजातिका वनस्पति तथा जीव तथा गुफाले जोकोहीलाई मन्त्रमुग्ध बनाइदिन्छ । एक पटक स्कुबा डाइभिङ गऱ्यो भने उसले जीवनभरि भुल्न नसकिने रोमाञ्चक अनुभव गर्दछ । स्कुबा डाइभिङ खर्चिलो छ, यसमा जोखिम छ र रमाइलो पनि छ । विमान उडाउने क्रममा र फोटोग्राफीका सिलसिलामा म हिमालमाथि पनि पुगेको छु र समुद्रमुनि पनि । यी दुवै अनुभव रोमाञ्चक छन् तर पानीमुनिको संसार नियाल्दाको अनुभूति शब्दमा वर्णन गर्न सकिंदैन । मैले खिचेका केही फोटोहरूबाट तपाईंहरूले यसको अनुभूति गर्न सक्नुहुनेछ ।

(अंग्रेजी अनुवाद : अवतार पाठक)

सन् १९८० मा ज्याकी चेन हलिउडमा चलचित्र खेल्न गए, तर उनले अभिनय गरेको चलचित्र सफल हुन भने सकेन। सन् १९९५ पछि उनी फेरि हलिउडमा चलचित्र खेल्न गए। उनले 'रम्बल इन ड बक्स', 'मिस्टर नाइस गाइ' र 'रस आवर' आदि चलचित्र खेले। यी चलचित्रहरूमा उनले अभिनेताका रूपमा काम गरेका थिए। चलचित्र 'रस आवर'प्रति अमेरिकी सञ्चारमाध्यमहरू निकै आकर्षित भएका थिए। अमेरिकी हलिउडमा अभिनय गर्ने ज्याकी चेन हङकङका पहिलो कलाकार हुन्।



ज्याकी चेनको सङ्घर्ष

आफ्नो अभिनयकलाले विश्वमै ख्याति कमाउन सफल ज्याकी चेनको जन्म सन् १९५४ मा हङकङमा भएको हो । उनको पारिवारिक नाम छन् काङ शन हो । कलाकार भएपछि उनलाई छन् लोङ नाम दिइएको थियो । उनको अङ्ग्रेजी नाम ज्याकी चेन हो । सन् १९६१ मा ज्याकी चेन चिनियाँ ओपेरा इन्स्टिच्युटमा प्रवेश गरेका थिए । प्रसिद्ध पैचिङ ओपेरा कलाकार यु जान युन उनकी शिक्षिका हुन् । १७ वर्षको उमेरमा उनले कुङ्ग फुको मास्टर पद पाएपछि काम सुरू गर्न थाले । त्यसपछि सन् १९७६ मा चलचित्र 'सिङ्ग चीङ्ग वु मन'मा ज्याकी चेन पहिलो पटक मुख्य अभिनेता बनेका थिए । त्यस चलचित्र त्यति चलेन र घाटामा गएको थियो । सन् १९७८ मा ज्याकी चेनको 'श सिन द्याउ शौ' नामक चलचित्रले सफलता प्राप्त गरेको थियो । दर्शकहरूले त्यस चलचित्रलाई खूबै मन पराएका थिए । त्यसपछि 'ज्वी छीउवान' नामक चलचित्रले ३४औं एशिया-प्रशान्त चलचित्र प्रदर्शनीमा हास्य चलचित्रको विशेष पुरस्कार पाएको थियो । चलचित्र 'ज्वी छीउवान'पछि उनले चलचित्र 'स्याउ छीउवान' र 'श्री ती छुमा'को निर्देशन गरे । यसपछि उनले 'पुलिस स्टोरी', 'पुलिस स्टोरी भाग दुई', 'मिरेकल्स' जस्ता चर्चित चलचित्रको निर्देशन गरे । यी चलचित्रहरूले निकै नै सफलता प्राप्त गरे । यीमध्येको चलचित्र 'पुलिस स्टोरी'ले 'हङकङ स्वर्ण पुरस्कार' अन्तर्गतको सबैभन्दा राम्रो फिल्मी कथा पुरस्कार पाएको थियो । सन् १९८० मा ज्याकी चेन हलिउडमा चलचित्र खेल्न गए, तर उनले अभिनय गरेको चलचित्र सफल हुन भने सकेन । सन् १९९५ पछि उनी फेरि हलिउडमा चलचित्र खेल्न गए । उनले 'रम्बल इन ङ बक्स', 'मिस्टर नाइस गाइ' र 'रस आवर' आदि चलचित्र खेले । यी चलचित्रहरूमा उनले अभिनेताका रूपमा काम गरेका थिए । चलचित्र 'रस आवर'प्रति अमेरिकी संचार माध्यमहरू निकै आकर्षित भएका थिए । अमेरिकी हलिउडमा अभिनय गर्ने ज्याकी चेन हङकङका पहिलो कलाकार हुन् ।

ज्याकी चेनले सन् १९९८ मा 'हु एम आई' नामको चलचित्रमा अभिनय गरेका थिए । सो चलचित्रमा उनले विशेष आक्रमण टोलीका एक सदस्य ज्याकको अभिनय गरेका थिए । यस चलचित्रको मुख्य विषय यस प्रकार छ :

धेरै वर्षअघि वैज्ञानिकले दक्षिण अफ्रिकामा एउटा विशेष खनिज पदार्थ भेटेका थिए । त्यस खनिज पदार्थलाई झट्का दिएपछि विशाल शक्ति उत्पन्न हुन्छ । अनि सो पदार्थ प्राप्त गर्नका लागि ज्याकलगायत ११ जना सदस्यलाई दक्षिण अफ्रिकातर्फ पठाइएको छ । कार्यभार पूरा गरेर फर्कने क्रममा विमान दुर्घटना हुन्छ । त्यस दुर्घटनामा ज्याक मात्र जीवित हुन्छ र अन्य दशजनाको मृत्यु हुन्छ । साथै ज्याकले आफ्नो स्मृति गुमाउँछ । अफ्रिकी स्थानीय जातीय बासिन्दा अर्थात् मूलनिवासीले वनमा ज्याकलाई भेटेपछि उनलाई आफ्नो घर लैजान्छ । ज्याकको स्वास्थ्य विस्तारै राम्रो हुँदै जान्छ । तर उनले आफ्नो निजी कुरा र किन यहाँ आएको भन्ने कुरा अझ पनि थाहा पाएका छैनन् । त्यसैले कहिलेकाहीं उनले 'हू एम आई' भन्ने प्रश्न सोधेका छन् । यसरी मूलनिवासीले उनलाई 'हू एम आई' भन्ने गरेको थियो । आफ्नो निजी जीवन बुझ्नका लागि ज्याकले त्यो स्थान छोड्छ ।

सन् २००१ को मार्च महिनामा ज्याकी चेनले अभिनय गरेको 'द एक्सिडेन्टल स्पाई' नामक चलचित्र औपचारिक रूपमा प्रदर्शन गरिएको थियो । सो चलचित्रमा ज्याकी चेनले व्यायाम गर्ने सरसामान बिक्री गर्ने पसलको एक बिक्रेताको अभिनय गरेका थिए । यस चलचित्रको मुख्य विषय यस प्रकार छ :

सानो उमेरदेखि नै उनले कोङ फु सिकेर भविष्यमा जासूस बन्ने आशा लिएका छन् । एक दिनको कुरा हो, उनले बैंकमा हमला गर्ने अपराधीलाई पक्राउ गर्न सफल भए । यसकारण उनको बारेमा अखवारको मुख्य पानामा प्रकाशित गरिएको छ । निजी जासूसले छानविन गरेपछि ज्याकी चेन आफ्नो ठूलो ग्राहकको छोरा भएको होला भन्ने कुरा पत्ता लगाएको छ । यसैगरी ज्याकी चेन आफ्नो निजी विषय स्पष्ट पार्नका लागि गणतन्त्र कोरिया

जान्छन् । तर उनी त्यहाँ पुग्दा ती ठूलो ग्राहकको मृत्यु हुनलागेको हुन्छ । पछि उनको एउटा अमेरिकी साप्ताहिक पत्रिकाकी एक महिला संवाददातासित भेट हुन्छ । कुराकानीपछि ती ठूलो ग्राहक एक निकै प्रसिद्ध जासूस भएको कुरा थाहा हुन्छ । ठूलो ग्राहकको अन्तिम शब्द तथा यी महिला संवाददाताको सहयोगमा ज्याकी चेनले टर्की गएर एउटा विशाल सम्पदा पत्ता लगाउँछन् । यसपछि ज्याकी चेनलाई शृंखलाबद्ध आक्रमण गरिएको छ । सहज अवस्थामा जटिल विषय रहेको छ । अन्तिममा ज्याकी चेनले स्तरीय कोङ फु र आफ्नै क्षमताबाट आफू एउटा अन्तर्राष्ट्रिय संगठनबीचको लडाइँमा मुछिएको कुरा थाहा पाउँछन् ।

सन् २००५ को अक्टोबर १ देखि ज्याकी चेनले अभिनय गरेको 'द मिथ' नामक चलचित्र औपचारिक रूपमा प्रदर्शन भएको थियो । यस चलचित्रमा १६ करोड हङकङ डलर लगानी गरिएको बताइएको छ । हङकङका प्रसिद्ध निर्देशक थाङ चि लिले 'द मिथ' चलचित्रको निर्देशन गरेका हुन् । सो चलचित्रमा ज्याकी चेनले पहिलो पटक प्राचीनकालको मान्छेको अभिनय गरेका छन् । 'द मिथ' चलचित्रकी मुख्य अभिनेत्री गणतन्त्र कोरियाकी प्रसिद्ध अभिनेत्री किम हि सुन हुन् । साथै भारतीय अभिनेत्री मल्लिका सेरावतले पनि सो चलचित्रमा आफ्नो कलाकारिता देखाएकी छन् । सो चलचित्रमा ज्याकी चेनले दुई फरक कालका दुई फरक मानिसको अभिनय गरेका छन् । यस चलचित्रमा उनको डबल रोल रहेको छ । यस चलचित्रमा पहिले देखाउँदै आएको ज्याकी चेनको कोङ फु कलाभन्दा केही फरक छ । तर यथावत् रूपमा चलचित्र निकै आश्चर्यले भरिएको छ ।

ज्याकी चेनले प्रहरीको अनेकौं कथामा अभिनय गरेका छन् । 'पुलिसको कथा' अन्तर्गत तेस्रो भाग अर्थात् 'सुपर पुलिस' शीर्षक फिल्मको कथा पनि निकै रोचक छ । यस फिल्ममा ज्याकी चेनले विशेष पुलिसको अभिनय गरेका छन् । लागुपदार्थ बिक्रेताबाट थप जानकारी लिनका लागि ज्याकी चेन मुख्य भूमिमा अवस्थित एउटा झ्यालखाना आएका छन् । त्यस झ्यालखानामा सैनिक हातहतियार तस्करी गर्ने मुख्य अपराधी थुनिएको छ । त्यो अपराधीको विश्वास प्राप्त गर्नका लागि ज्याकी चेन एक महिलाको सहयोगबाट त्यो अपराधीसित संयुक्त रूपमा झ्यालखानाबाट भाग्न सफल हुन्छन् । पछि उक्त अपराधीले ज्याकी चेन र त्यो महिलालाई अपराधीको साथीको रूपमा प्रशंसा गर्छ । अनि तिनीहरू मलेशियाको राजधानी आएपछि ज्याकी चेनको आफ्नी प्रेमिकासित भेट हुन्छ । प्रेमिकाले ज्याकी चेन र त्यो महिलाबीच प्रेम भएको ठहर गर्दै झगडा गर्छिन् । यस बेला त्यो अपराधीले ज्याकी चेन र त्यो महिलाबीचको साँचो हैसियत थाहा पाउँछ । तिनीहरूबीच भीषण लडाइँ हुन्छ । अन्तमा ज्याकी चेन सफल हुन्छन् ।

रहस्य र रोमाञ्चले भरिएको कु कुङ सङ्ग्रहालय

कु कुङ सङ्ग्रहालय चीनको राजधानी पैचिङ शहरको केन्द्रमा अवस्थित छ । यसलाई फर्बडिन सिटी तथा हाल आएर कु कुङ सङ्ग्रहालय पनि भनिन्छ । मिङ वंशकालमा सन् १४२० मा निर्माण गरिएको विशाल राजदरबार नै राजसंस्थाको अन्त्यपछि सङ्ग्रहालयमा परिणत गरिएको हो । यो दरबारमा विभिन्न कालखण्डमा २४ जना सम्राटले बसोबास गरेका थिए । यो चीनका मिङ वंश र छिङ वंशका सम्राटहरूको दरबार थियो । यस सङ्ग्रहालयले अतुलनीय रूपमा प्राचीन चिनियाँ वास्तुकलाको प्रतिनिधित्व गर्दछ र यो विश्वका सबैभन्दा ठूलो क्षेत्रफल र पूर्ण रूपमा संरक्षित काठे बनावटको प्राचीन भवन समूहम मानिन्छ ।

पूर्वदेखि पश्चिमसम्म कु कुङ सङ्ग्रहालयको चौडाई ७५० मिटर छ र उत्तरदेखि दक्षिणसम्म ९६० मिटर छ । कु कुङ सङ्ग्रहालयले ७ लाख २० हजार वर्गमिटर क्षेत्रफल ओगटेको छ र यो विश्वमा सबैभन्दा ठूलो दरबारीया महल भवन समूह मानिन्छ । कु कुङ सङ्ग्रहालयलाई अगाडि र पछाडि गरी दुई भागमा बाँडिएको छ र चारैतिर पर्खालले घेरिदिएको छ भने पर्खालबाहिर चारैतिर नहर बग्छ । शहरका चार कुनामा चारवटा बुर्जा राखिएको छ । यी बुर्जाका चारैतिर चारवटा ढोका छन् । दक्षिणतिरको ढोकालाई उ मन भनिन्छ र यो कु कुङ सङ्ग्रहालयको मुख्य ढोका हो । किंवदन्ती अनुसार जेड राजाको दरबारमा १०,००० वटा कोठा छन् र चीनका तत्कालीन सम्राटले जेड राजा भन्ने देउतालाई जित्न नचाहेर कु कुङ दरबारीया महलमा ९,९९९ वटा कोठा र अर्को आधा कोठाको निर्माण गरेका हुन् । प्राप्त तथ्याङ्क अनुसार कु कुङ सङ्ग्रहालयमा जम्मा गरी ८,७०४ वटा कोठा छन् ।

पैचिङको कु कुङ सङ्ग्रहालय विश्वका पाँचवटा दरबारीया महलमध्येको एक हो । विश्वका पाँच वटा दरबार यस प्रकार छन् : पैचिङको कु कुङ सङ्ग्रहालय, फ्रान्सको प्यालेस अफ भर्साई, बेलायतको बकिङघम प्यालेस, अमेरिकाको ह्वाइटहाउस तथा रूसको द क्रेमलिन । संयुक्त राष्ट्र संघको शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन युनेस्कोले कु कुङ सङ्ग्रहालयलाई 'विश्व सांस्कृतिक सम्पदा' सूचीमा राखेको छ । युनेस्कोले गरेको कु कुङ सङ्ग्रहालयको मूल्याङ्कन यसप्रकार छ : द फर्बडिन सिटी बितेका पाँच शताब्दीमा चीनको सर्वोच्च आधिकारिक केन्द्र हो । यस दरबारभित्र फर्निचर तथा हाते कलात्मक वस्तुले भरिएका ९,००० वटाभन्दा बढी कोठा छन् र यो एउटा विशाल भवन समूह हो । कु कुङ सङ्ग्रहालय मिङ तथा छिङ वंशकालमा नै चीनको सभ्यताको अमूल्य ऐतिहासिक प्रमाण बनिसकेको थियो ।

कु कुङ सङ्ग्रहालयको मुख्य बनोट

कु कुङ सङ्ग्रहालयले हान जातीय वास्तुकलाको प्रतिनिधित्व गर्छ । छिङ वंशमा मिङ वंशमा निर्माण गरिएको द फोर्बडिन सिटीको वास्तुकला ढाँचा तथा शैलीलाई निरन्तरता दिएर यस भवन समूहलाई पुनर्निर्माण तथा जिर्णोद्धार गरिएको थियो ।

फर्बडिन सिटी सन् १४०६ देखि १४२० सम्म मिङ वंशका सम्राट चुतीको आदेशमा निर्माण गरिएको हो । यसको हल (भवनहरूले ओगटेको क्षेत्रफल) १ लाख ५५ हजार वर्गमिटर छ ।

कु कुङ सङ्ग्रहालयका चारैतिर जम्मा गरी चारवटा ढोका छन् । उ मन यसको मुख्य ढोका हो र पूर्वी ढोका तुङ ह्वा मन हो । पश्चिमी ढोका सि ह्वा मन हो भने उत्तरी ढोका शन उ मन हो । शन उ मनको अघिल्लोपट्टि माटो र ढुंगाले बनाइएको चिङ शान पहाड पर्दछ । सल्लाले ढाकिएको यस पहाड र त्यस वरिपरिलाई गणतन्त्र चीनको समयमा चिङ शान पार्कमा परिणत गरिएको हो । समष्टिगत दृष्टिबाट हेर्दा चिङ शान पहाड कु कुङ सङ्ग्रहालयको कृत्रिम अवरोधको रूपमा रहेको भन्नुपर्छ ।

कु कुङ सङ्ग्रहालयलाई उत्तर-दक्षिण दिशाको केन्द्रीय रेखाबाट विभाजित गरिएको छ । तीनवटा ठूला हल, पछाडिका तीन वटा गृह तथा शाही उद्यान कुञ्ज यसै केन्द्रीय रेखामा पर्छन् र दायाँबायाँ भाग उस्तै स्वरूपका देखिन्छन् । यस केन्द्रीय रेखा द फर्बडिन सिटीमा मात्र नभई पुरानो पैचिङ शहरको सबैभन्दा दक्षिणमा अवस्थित युङ तीङ मन ढोका, सबैभन्दा उत्तरमा पर्ने डमरू भवन, घडी टावर पनि सम्पूर्ण पैचिङ शहरको केन्द्रीय रेखामै पर्छन् । प्राचीन पैचिङको शहरी परियोजना निकै कडाइका साथ बनाइएको पाइन्छ र हेर्दा शोभनीय देखिन्छ ।

संरचना तथा कामको आधारमा कु कुङ सङ्ग्रहालयलाई 'वाइ छाउ'

अर्थात् बाहिरी भाग तथा 'नै थिङ' अर्थात् भित्री भाग गरी दुई भागमा बाँडिएको छ । छ्यान छिङ ढोकाले यी दुइटा भागलाई छुट्याएको छ । ढोकाको दक्षिणतिरको इलाका बाहिरी शासन गर्ने क्षेत्र हो भने उत्तरतिरको इलाका भित्री राजकाज मिलाउने क्षेत्र हो ।

'वाइ छाउ' बाहिरी भाग अर्थात् अगाडिको भागचाहिँ सम्राटले आदेश जारी गर्ने र ठूल्ठूला महत्वपूर्ण महोत्सवको आयोजना गर्ने ठाउँ थियो । यहाँका मुख्य वास्तुहरूमा थाई ह हल, चोङ ह हल र पाउ ह हल पर्दछन् । यसका साथै केन्द्रीय क्षेत्रको पूर्वमा वन ह्वा हल, वन युआन भवन, शाङ सी युआन तथा नान सान सो अर्थात् दक्षिणका हलहरु रहेका छन् भने पश्चिममा यी उ हल । राजपरिवारको संचालन गर्ने काम भने उ फु भवनहरूले गर्ने गरेका थिए ।

सम्राटले राजकाज चलाउने भाग 'नै थीङ' अर्थात् कु कुङ सङ्ग्रहालयको पछाडिको भागचाहिँ साम्राज्ञी तथा ल्याइते रानीहरु बस्ने ठाउँ थियो । त्यहाँको केन्द्रमा छेन छिङ्ग हल, च्याउ थाइ हल तथा खुन निङ गृह रहेका छन् र केन्द्रका दुईपट्टि याङ सिन हल, ल्याइते रानीहरु तथा रखौटीहरु बस्ने छ वटा गृहहरु, च्याइ गृह तथा यु छिङ गृह रहेका छन् । शाही उद्यान कुञ्ज केन्द्रीय क्षेत्रको पछाडि पर्दछ । राजकाज चलाउने क्षेत्रको पूर्वी भागमा अवस्थित नीङ शौ गृह छिङ्ग वंशका राजा छ्यानलुङले राजगद्दी त्यागेपछि आफ्नो समय बिताउनको लागि निर्माण गरिएको हो । राजकाज चलाउने क्षेत्रको पश्चिमी भागमा छ निङ गृह र शौ आन गृह रहेका छन् । यसका अतिरिक्त पछाडिको भागका वास्तुहरूमा छोङ ह्वा गृह तथा पै उ सो अर्थात् उत्तरका पाँचवटा आवास क्षेत्रहरु समावेश छन् ।

फर्बिडन सिटीको इतिहास

फर्बिडन सिटी मिङ वंशका राजा चु तीले सन् १४०६ मा अघिको युआन वंशको राजधानीको आधारमा निर्माण गर्न सुरू गरेका थिए र सन् १४२० मा पूरा गरिएको हो । निर्माण भएदेखि सन् १९११ सम्म अन्तिम वंश छिङ वंशका अन्तिम राजाले राजगद्दी त्यागेसम्मका लगभग पाँच सय वर्ष अघिपछि गरी मिङ र छिङ वंशका २४ जना सम्राटले यो दरबारबाट शासन चलाएका थिए ।

लङ कुङ अर्थात् चिसो गृह

'लङ कुङ' अर्थात् चिसो गृह कता छ भन्ने चर्चा गर्नुअघि 'सान कुङ ल्यौ युआन' अर्थात् तीन वटा गृह र छवटा आगनबारे केही जानकारी दिनु सान्दर्भिक हुन्छ । राजाका रानी, ल्याइते रानीहरु तथा रखौटीहरु ती भवनहरूमा बस्दथे । द फर्बिडन सिटीमा छ्यान छिङ गृह, च्याउ थाइ गृह तथा खुन निङ गृहलाई 'सान कुङ' अर्थात् तीन वटा गृह भनिन्छ । 'ल्यौ युआन' अर्थात् छ वटा आगन भनेको पछाडि भागको पूर्वी क्षेत्रमा अवस्थित छ वटा गृह तथा पश्चिमी क्षेत्रमा अवस्थित छ वटा गृह हुन् । सर्वोच्च अधिकार भएको सामन्ती राजाहरूले इच्छाअनुसार रानी छान्ने गर्दथे । राजाले मन नपराएका महिलाहरूलाई मृत्युसम्म चिसो गृहमा राखिन्थ्यो । उनीहरूको जीवन असाध्यै दुःखद थियो । द फर्बिडन सिटीमा चिसो गृहको स्थान अस्थायी हुन्थ्यो । राजालाई मन नपर्नासाथ जुनसुकै ठाउँमा रानी, रखौटीहरु, युवराजहरूलाई थुनिन्थ्यो, त्यही ठाउँलाई 'लङ कुङ' अर्थात् चिसो गृह मानिन्थ्यो । मिङ र छिङ वंशका ऐतिहासिक सामग्रीमा 'लङ कुङ'को नाम दिइएको गृह वा कक्ष भेटिएको छैन तर मिङ र छिङ वंशमा फर्बिडन सिटीका केही ठाउँलाई 'लङ कुङ'को स्वरूपमा प्रयोग गरिन्थ्यो ।

फर्बिडन सिटीमा धेरै ड्रागन भेटिने कारण

फर्बिडन सिटी ड्रागनको संसार हो । यसमा ड्रागनका थरीथरीका आकृति देख्न पाइन्छ । चीनको सामन्ती समाजमा राजालाई 'चन लुङ थेन च' अर्थात् आकाशबाट अवतरित ड्रागन मानिन्थ्यो र संसारको नियन्त्रण राजाको हातमा हुन्छ भन्ने मानिन्थ्यो । फर्बिडन सिटी मिङ र छिङ वंशको दरबार तथा महल थियो । यसै कारणले दरबारका गृहहरु, हलहरु, पुलहरु, हलअगाडि राखिने सिंढीहरु, ढुङ्गे मूर्तिहरु, राजा र रानीका छापहरु, लुगाफाटा तथा प्रयोग गरिने वस्तुहरूमा ड्रागनको बुट्टा राखिएको पाइन्छ । फर्बिडन सिटीमा कति वटा ड्रागन छ त ? यस प्रश्नको उत्तर कसैले पनि दिन सक्दैन । कसैले मोटामोटी रूपमा

गणना गरे बमोजिम फर्बिडन सिटीका ८,००० कोठालाई केलाएर हेर्दा हरेक कोठामा भएका छवटा ड्रागनलाई जम्मा गरी लगभग ४०,००० वटा ड्रागन रहेको दाबी गरेका छन् । सबै भवनहरूको सिंगार र राजपरिवारले प्रयोग गरेका वस्तुमा राखिएका ड्रागनलाई समेत समावेश गर्ने हो भने यो संख्या अझै धेरै हुनसक्छ ।

प्राप्त तथ्याङ्क अनुसार थाइ ह हलको छानाश्रेणीमा राखिएका ड्रागनका मूर्तिहरु तथा छानामा राखिएका टायलहरूको बुट्टामा ड्रागनहरूको संख्या २,६३२ छ भने बलेसी तथा झ्यालढोकाका सिंगारमा भेटिने ड्रागनको संख्या ५,७३२ छ । हलको छानाको भित्री भाग तथा छानाको सत्तरीमा राखिएको बुट्टामा भेटिने ड्रागनको संख्या ४,०३७ छ । हलभित्रका खम्बाहरु, भित्री छत, राजमुकुट, पर्दा तथा सजावटहरूको बुट्टामा भेटिने ड्रागनको संख्या ६०९ छ भने हलभित्रका भित्ता तथा ढोकाको बुट्टामा भेटिने ड्रागनको संख्या ५४२ छ । प्राप्त अपूर्ण तथ्याङ्क बमोजिम, थाइ ह हलको बाहिरी तथा भित्री भागमा राखिएका सबै ड्रागन बुट्टा तथा ड्रागन मूर्तिहरूमा भेटिने सम्पूर्ण ड्रागनको कूल संख्या १३,८४४ छ । यति धेरै ड्रागन राखिएको डिजाइनबाट गम्भीर तथा रहस्यमय वातावरण सिर्जना हुन्छ र यसो गर्नुको उद्देश्य सम्राटलाई देवताको शक्तिको रूपमा देखाएर सर्वसाधारणलाई डर देखाउनु हो ।

रूखविहीन दरबार

थाइ ह हल, चुङ ह हल तथा पाउ ह हल यी तीन वटा ठूला हल सम्राटले महत्वपूर्ण महोत्सव गर्ने ठाउँ थिए । ती हलहरु फर्बिडन सिटीको 'वाइ छाउ' अर्थात् बाहिरी भागको केन्द्र हो र पैचिङ शहरको केन्द्र पनि हो । यी हलहरूको भव्यतालाई दर्शाउन वास्तु भवनमा धेरै उपायको प्रयोग गरिएको छ । तीमध्ये आगनमा रूख नरोप्ने भन्ने एक हो । फर्बिडन सिटीको मूल द्वार थेन आनमनदेखि, तुआन मन, उ मन तथा थाइ ह मनसम्मका आगनहरूमा कतै रूख देख्न पाइँदैन । (हिजोआज तुआन मनतिर देखिने रूखहरु सन् १९११ मा भएको सिनहाइ क्रान्तिपछि रोपिएका हुन् । सिनहाइ क्रान्तिबाट दुई हजार वर्षसम्मको राजतन्त्रलाई अन्त्य गरिएको हो ।) पहिले मानिसहरु सम्राटसँग भेट्न मूल द्वार थेनआनमनबाटै प्रवेश गरेर लामो बाटोमा हिँड्दै फरक शैलीमा बनाइएका हलहरूलाई हेर्दाहेर्दै मानसिक दबाबको अनुभव गर्छन् ।

फर्बिडन सिटीमा रूख नरोप्नुको दोस्रो कारण भनेको चिनियाँ सम्राटहरु हुन् । परम्परागत चिनियाँ विचार 'उ सिङ' अर्थात् पाँच स्थितिअनुसार सम्राट 'माटो' स्थितिमा पर्दछन् र 'काठ'बाट 'माटो'लाई सीमित पार्न सकेकोले 'काठ'स्थितिमा पर्ने रूख दरबारमा भेट्न हुँदैनथ्यो र यसको अर्थ रूख रोप्न नपाउनु हो । थाइ ह हल, चुङ ह हल तथा पाउ ह हल उभिएका चौताराहरु दक्षिण दिशाउन्मुख चिनियाँ अक्षर थु '土'अर्थात् माटोको आकार जस्तै पाइन्छ ।

फर्बिडन सिटीमा रूख नरोप्नुको तेस्रो कारण भनेको ज्यानमारालाई प्रवेश गर्न नदिनु रहेको छ । हत्यारा फर्बिडन सिटीमा प्रवेश गरेपछि रूखपछाडि लुकेमा सम्राट तथा मन्त्रीहरूमा धम्की तथा त्रासको वातावरण हुनुको साथै क्षति पुऱ्याउन पनि सक्छ । यही कारण पनि दरबार परिसरमा रूख नरोपिएको हुनसक्छ ।

आकाशलाई सजाउँदै थाङ्का कलाकार

लु व्हो जिल्ला चीनको दक्षिण-पश्चिमी भागमा पर्ने स छ्वान प्रान्तको कान ची तिब्बती जातीय स्वायत्त प्रिफेक्चरमा पर्दछ । सन् २००८ मा यस जिल्लाले चीनको सँस्कृति मन्त्रालयद्वारा दिइने 'चीनको नागरिक साँस्कृतिक कला ग्रामीण क्षेत्र' भन्ने उपाधि पाएको थियो । यस ठूलो सम्मान स्थानीय क्षेत्रको चार सय वर्षभन्दा बढी इतिहासको लाङ्खाचे थाङ्का कलासँग घनिष्ट सम्बन्ध छ ।

तिब्बती भाषामा लाङ्खाचेको भावार्थ 'आकाशको सजावट वस्तु' भन्ने रहेको छ । लाङ्खाचे थाङ्काको रचनाकार लाङ्खाचे लु व्हो जिल्लामा जन्मेका थिए । थाङ्का रचनाको चार सय वर्षभन्दा बढी इतिहास र अपेक्षाकृत पूर्ण प्रचारप्रसार शैली आदि श्रेष्ठता लाङ्खाचे थाङ्काले राखेको छ । पुस्तौं पुस्तादेखि लाङ्खाचे थाङ्काका रचनाकार आकाशलाई सजाउने व्यक्तिहरु बनेका छन् । अन्य शैलीको थाङ्काभन्दा फरक यस लाङ्खाचे थाङ्काको मुख्य विशेषता भनेको नजिकको स्पष्ट देखिनु तथा टाढाको अस्पष्ट हुनु र नजिकको ठूलो तथा टाढाको सानो भन्ने रचना तरिका हो । दश वर्षअघिदेखि लाङ्खाचे थाङ्का कोर्दै आएका युङ्ग चु लो उले जानकारी दिएअनुसार लाङ्खाचे थाङ्काको 'सानो चित्र' भन्ने रचना प्रविधि एकदमै उत्कृष्ट छ भने यस चित्रले ठूलो प्रभाव सिर्जना गर्दछ ।

लाङ्खाचे थाङ्काको रचना प्रविधिलाई राम्रोसँग संरक्षण र प्रचारप्रसार गर्नका लागि लु व्हो जिल्लाले थाङ्का परिषद्को स्थापना गरेको छ । युङ्ग चु लो उले यस परिषद्को प्रमुख पद सम्हालेका छन् । उनले यस थाङ्का परिषद्बारे जानकारी दिँदै भने- "विभिन्न कलाकारले यस थाङ्का परिषद्मा पेसागत ज्ञान र प्रविधिको आदानप्रदान गर्दै श्रेष्ठ अनुभव सिक्नसक्ने छन् ।"

यस थाङ्का परिषद्मा थाङ्का रचना गर्ने प्रविधि अध्ययन गर्नका लागि तीन वर्षे पाठ्यक्रम लागू गरिएको छ । यहाँको पढाइ निःशुल्क मात्र होइन विद्यार्थीले बस्न तथा खाने सेवा पनि निःशुल्क पाउँछन् । सरकारले प्रदान गरेको यस किसिमको सुविधाबाट अनेकन युवायुवती र केही अपाङ्ग व्यक्तिहरु पनि आकर्षित भएका छन् । बाँच्नका लागि एउटा प्रविधि सिक्ने आशा बोकेका ती विद्यार्थीहरूले यस परिषद्मा आशा खोजेका छन् । सामान्य रूपमा कलाकारको निर्देशनमा लगभग तीन वर्षको पढाइपछि विद्यार्थी एक योग्य थाङ्का रचनाकर्ता बन्न सक्छन् । यहाँबाट उत्तीर्ण भएको विद्यार्थीले थाङ्का रचना गर्दै जीवन जीउनसक्ने क्षमता राख्दछ ।

थाङ्का परिषद् सञ्चालनमा आएदेखि हालसम्म लगातार दुई सयभन्दा बढी थाङ्का कलाकार जम्मा गरिएको देखिन्छ । ती कलाकारले आफ्नो कोर्ने कला तथा प्रविधिलाई बढाउनुका साथै परम्परागत रचनाशैलीलाई तोडेर लाङ्खाचे थाङ्का कलामा नयाँ शैली भित्र्याएका छन् । प्रमुख युङ्ग चु लो उले थाङ्काको परम्परागत रचना तरिका सिकेपछि पेसागत कला विश्वविद्यालयमा अध्ययन गरेका छन् । उनले भने- 'चिनियाँ परम्परागत चित्र या विदेशी चित्र होस् वा भिन्न शैलीको थाङ्का, यी सबैको आ-आफ्नै विशेषता छ । हामीले यी विशेषता सिकेर आफ्नो परम्परागत कोर्ने तरिकाको माध्यमबाट लाङ्खाचे थाङ्का रचना गर्छौं, जुन मेरो विचारमा अरू चित्रले यस्तो अभिव्यक्ति दिनसक्ने छैन ।'

हाल यस थाङ्का परिषद्का कलाकारहरूले सिर्जना गरेका थाङ्काले विदेशमा ख्याति कमाएको छ । यी थाङ्काको बेलायत, जापान, अमेरिका आदि मुलुकबाट माग बढ्दै गएको छ । हरेक थाङ्का संग्रह गर्नलायक बनेको छ । यस कारण थाङ्का रचनाको बिक्री सुव्यवस्थित पार्नु र लाङ्खाचे थाङ्काको मार्काको संरक्षण गर्नु नै यस परिषद्सामु देखापरेको नयाँ समस्या हो । यस थाङ्का परिषद्को प्रदर्शनी भवनमा रहेका रचनासँग आफ्नो डाइमेन्शनल कोड (Dimensional code) अर्थात् परिचय रहेको छ । यसबारे युङ्ग चु लो उले भने- 'मोबाइल फोनलाई यस डाइमेन्शनल कोडसँग जोडेपछि हरेक थाङ्काको रचनासम्बन्धी परिचय र यसका रचनाकर्ताको सम्पर्क ठेगाना थाहा पाउन सकिन्छ । हरेक थाङ्का र यसका रचनाकर्ताको बौद्धिक सम्पदा अधिकारको संरक्षणमा यस डाइमेन्शनल कोडले सकारात्मक भूमिका निर्वाह गर्दछ ।'

पुण्यप्रसाद प्रसाई

एक लाख बिक्री लक्ष्य

"एक दिन कसैले हेलेन केलरलाई सोध्यो, 'यो संसारमा अन्धो जन्मनुभन्दा नराम्रो कुरा अरू के होला ?'

हेलेनको जवाफ थियो, 'आँखा भएर पनि सपना नदेख्नु ।'

त्यसकारण सपनाको महत्व छ र हरेक मानिससँग एउटा समृद्ध सपना हुन जरूरी छ भनेर ठूलो स्वरमा बोल्छ युद्धका डोबहरू उपन्यासले ।"

अहिले बजारमा विभिन्न दृष्टिकोणले चर्चामा रहेको उपन्यास 'युद्धको डोबहरू' बारे यसका लेखक पुण्यप्रसाद प्रसाईंको दाबी छ । उपन्यास बजारमा आउनुभन्दा महिनौंअघिदेखि व्यापक प्रचार गरिएको यो उपन्यास एक लाख प्रति बिक्री गरिने लक्ष्य यसका प्रकाशक तथा लेखकले राखेका थिए । यो उपन्यासका लेखक पुण्य नै डिकुरा प्रकाशनका अध्यक्ष पनि हुन् । यही सुविधा प्रयोग गरी उनले विभिन्न संचारमाध्यमका साथै पोस्टरसमेत टाँसेर उपन्यासको प्रचार गराएका थिए । हुन त पछिल्लो समयमा साहित्यिक पुस्तकको पनि अन्य उपभोग्य वस्तुको जस्तै व्यापक प्रचार गर्ने प्रचलन सुरू भएको छ, त्यसमा पनि 'युद्धका डोबहरू' अग्रपङ्तिमै आएको थियो ।

यो उपन्यासले सपना देख्न प्रेरित गर्छ। यदि तपाईं मानिस हो भने तपाईंसँग सपना हुन जरुरी छ, एउटा ठूलो सपना।

यो उपन्यासको विषयवस्तु र सन्देश बारेमा पुण्य भन्छन्- "यो उपन्यासले सपना देख्न प्रेरित गर्छ । यदि तपाईं मानिस हो भने तपाईंसँग सपना हुन जरूरी छ, एउटा ठूलो सपना । तपाईं आज के हुनुहुन्छ त्यो त्यति महत्व राख्ने कुरा होइन तपाईंसँग कत्रो सपना छ त्यो ठूलो कुरा हो । युद्धका डोबहरूले मानिसलाई सपना देख्न प्रेरित गर्छ । यो उपन्यासले भन्छ जोसँग सपना छैन ऊसँग केही पनि छैन ।"

उपन्यासले केवल सपना मात्र देखाउने होइन त्यस सपनालाई कार्यान्वयन गर्नसमेत प्रेरित गर्ने उनको दाबी छ । आफू एक प्रकाशक पनि भएकोले यस किसिमको विषयवस्तु र सुललित भाषाशैली भएको पुस्तक पाठकले रूचाउने भएकोले एकलाख प्रति बिक्री लक्ष्य लिनु सामान्य लेखकका लागि अन्यथाजस्तो लागे पनि आक्तना लागि अनौठो नभएको उनी बताउँछन् ।

त्यसो त उनी पाठकबाट रूचाइएका लेखकको श्रेणीमा पर्छन् । उनका यसअघिका उपन्यास पनि बिक्रीमा अगाडि नै रहेका थिए । पुस्तकको बिक्री सम्बन्धमा आक्तनो अनुभव उनी यसरी सुनाउँछन्- "एक लाख प्रति बिक्री भएको डिकुरा पब्लिकेसनले छापेको सलिना थापाको उपन्यास पर्दाफास र साठी हजार बिक्री भएको कृष्ण अविरलको रक्तकुण्डलाई एकछिन अलग थलग गर्ने हो भने यो देशमा नारायण वाग्लेको उपन्यास पल्पसा क्याफेपछि बीस हजारभन्दा बढी बिक्री भएको मेरो उपन्यास छापामारलाई उछिन्न अहिलेसम्म अरू उपन्यासले सकेको छैन । बिक्रीलाई आधार मान्ने हो भने म एउटा बेस्टसेलर राइटर भएँ ।" यही आधाराम आक्तनो नयाँ उपन्यास एक लाख बिक्री गर्नकै लागि पहिलो संस्करणमै दश हजार प्रति छापेको उनको दाबी छ ।

बिगत दुई दशकदेखि साहित्यिक लेखन र प्रकाशनमा लागेका प्रसाईंका आधा दर्जन उपन्यास प्रकाशित छन् । उनले पहिलो उपन्यास 'कुमुदिनी' १९ वर्षको उमेरमा प्रकाशित गरेका थिए भने सात रातमा लेखिएको भनिएको उनको खण्डकाव्य 'बुद्धहरू युद्ध माग्दैनन्'को पनि साहित्यिक वृत्तमा निकै चर्चा भयो । प्रसाईंका 'पिङ्गला', 'आईमाई मान्छे', 'छापामार', 'मोक्षदा' जस्ता उपन्यास प्रकाशित छन् भने कविता सङ्ग्रह 'ई पसिना बगाउने बिम्बहरू' का साथै पच्चीसभन्दा बढी बाल कृतिका सर्जक पनि हुन् । ०६२/०६३ को जनआन्दोलनमा पर्चा कविता आन्दोलन गरेर चर्चा पाएका प्रसाईंले त्यसबेला आक्तना चार थान कविताका पचास हजारभन्दा बढी प्रति पर्चाको रूपमा बाँडेका थिए ।

भाइब्ज र अग्लिजको सांगीतिक तातो

रक संगीतप्रेमीहरूको उत्सुकता र कौतुहललाई चिर्दै नेपाल र अमेरिकामा ख्याति कमाउन सफल नेप्लीज अमेरिकन रक सांगीतिक समूह 'द भाइब्ज' ब्याण्डले कार्तिक महिनाको एक साँझ ललितपुरमा चमकदमकका साथ भव्य कन्सर्टमा प्रस्तुत भएर सबैको मन जित्यो । अमेरिकामा प्रस्तुत हुँदै आए पनि नेपालमा पहिलो बृहत् कन्सर्ट पस्केको ब्याण्डले चिसो मौसमका बीच अर्को रक ब्याण्ड 'द अग्लिज'सँग मिलेर दुई घण्टाभन्दा लामो समयसम्म रकप्रेमीलाई रकिङ गराउन सफल भयो ।

चुज अर लुज नाम दिई ललितपुरको पाटन संग्रहालयमा आयोजित कन्सर्टमा द भाइब्जले अघिल्लो एल्बम 'द भाइब्ज जेनेरेशन' र पछिल्लो पटक बजारमा ल्याएको 'को हुँ म' नामक एल्बमका चर्चित र लोकप्रिय गीत संगीत पस्किंदै आक्तना प्रशंसक र शुभचिन्तकको रक संगीतको प्यास मेटाइदियो । ब्याण्डका भोकलिष्ट प्रइन सिंहले आक्तनो समूह तथा गीतहरूको बारेमा विविध जानकारी गराउँदै दर्शकलाई स्लो रक संगीतबाट रोमाञ्चित मात्र बनाएनन्, सँगसँगै गाउन र नाच्न पनि बाध्य बनाए । ब्याण्डले निर्मोही, तस्वीर तिम्रो, थाकिसकें, को हुँ मजस्ता लोकप्रिय गीत गाएर दर्शकलाई रकिङ गराएको थियो ।

यस बीचमा ब्याण्डका ड्रमर दिरेकलाल श्रेष्ठले मंसिर ४ को संविधानसभा निर्वाचनलाई लक्ष्यित गरी आक्तनो ब्याण्डको कन्सर्टलाई 'चुज अर लुज' नाम दिएको खुलाए । दिरकले प्रष्ट पारे- 'आफ्नो नेता आफैले चुज गर्ने वा छोडिदिने जिम्मेवारी युवाको हातमा छ । उनीहरूले भोट दिए भने पोलिटीकल सिनारियो चेन्ज गर्न सकिन्छ । भोट नदिने अनि नेतालाई गाली मात्रै गरिरहने अधिकार हामीसँग छैन ।' दिरेकले एमटीभीले अमेरिकाबाट सुरू गरेको युवाहरूलाई मताधिकार प्रयोग गर्न उत्साहित गर्ने यो अभियानलाई हेरेर त्यसैका आधारमा नेपालमा आक्तनो ब्याण्डले पहिलोपटक कन्सर्ट प्रस्तुत गर्ने क्रममा चुज अर लुज नाममा कार्यक्रम प्रस्तुत गरेको पनि प्रष्ट पारे।

कन्सर्टमो दोस्रो भागमा अर्को रक सांगीतिक समूह द अग्लिज ब्याण्डले पनि आक्तना गीत संगीत प्रस्तुत गरी दर्शक उचाल्यो । अष्ट्रेलियामा रहेका अग्लिजका भोकलिष्ट सरून ताम्राकार कार्यक्रममा उपस्थित हुन नसकेपछि ब्याण्डका तर्फबाट एउटा नयाँ रहस्य खुल्यो । सो ब्याण्डका ड्रमर रकिनलाल श्रेष्ठले ड्रम सेट बजाउँदै गीत पनि आफैले गाए । हात र खुट्टा दुवै उत्तिकै र एकसाथ परिचालित हुने ड्रमवादनसँगै गाउन पनि सक्ने प्रतिभा

थोरैको मात्र हुन्छ । रकिनको यो अद्वितीय प्रतिभासँगै स्वरको समेत सबैले तारिफ गरे । रकिनले माया, अझै, खातेलगायतका गीत गाएपछि घोषण गरे- 'अब यो इभिनिङको लास्ट गीत ।' त्यसपछि ब्याण्डले आउँदै जाँदै गर्नु बोलको गीत गाएर कन्सर्टको अन्त्य गर्न खोज्यो, तर दर्शकको वान्स मोर आएको आयै भएपछि ब्याण्डले आउँदै जाँदैको धुन बजाएर दर्शकलाई नै गाउन दियो । दर्शक पनि तालीको पर्रा थप्दै त्यस धुनमा गीत गाउन थाले, भाइब्ज याण्डका भोकलिष्ट प्रइन थामिन सकेनन्, उनले पनि मञ्चमा उक्लेर सो गीत गाए । अन्तमा त्यस गीतमा भोकल थपेर फेरि रोमाञ्चित बनाउने काम गरे अग्लिजका ड्रमर रकिनले नै । यो गीतको अन्तसँगै वान्स मोरको नारा फेरि घन्कियो । तर रात छिप्पिन थालेकाले कन्सर्ट टुंग्याइयो ।

कन्सर्टमा रकिङ गराउने काम गरेका थिए भोकलिष्ट प्रइन र ड्रमर दिरेकका साथमा गितारिस्ट रूपक लामा र बाँसुरीवादक उमेश पण्डितले । अग्लिज ब्याण्डमा भने ड्रमर तथा भोकलिष्टका रूपमा रकिनलालका साथमा लिड गितारमा सुदीप ताम्राकार, वेस गितारमा माणिक बानियाँ र किबोर्डमा सचिन बज्राचार्य थिए । भाइब्जका ड्रमर दिरेकलालले अग्लिज ब्याण्डलाई गितार बजाएर समेत सघाएका थिए । उनले अग्लिज भाइहरूको व्याण्ड भए पनि संगीतमा भाइब्ज ब्याण्डको दाइ भएको चर्चा गरे ।

पाटनको यो कन्सर्टअघि पनि भाइब्ज ब्याण्ड राजधानीवासीमाझ प्रस्तुत भएको थियो । राजधानीको सोल्टीमोडस्थित होटल सोल्टी क्राउन प्लाजामा एनआएरएनद्वारा आयोजित कार्यक्रममा युथ प्रोग्राम शुभारम्भ गर्दै ब्याण्डले सांगीतिक प्रस्तुतिका अलावा पछिल्लो एल्बम 'को हुँ म'मा रहेको गीत 'फसें म'को म्युजिक भिडियोको वर्ल्ड प्रिमियर गरेको थियो ।

नेपालदेखि अमेरिकासम्म उत्तिकै लोकप्रिय ब्याण्ड द भाइब्जले रक संगीतमा पनि उच्चस्तरको गीतसंगीतमा मात्र विश्वास राख्ने र सोही बमोजिमको सांगीतिक सिर्जना पस्कने भएकाले स्तरीयतालाई कायम राख्दै चार वर्षको अन्तरालपछि मात्रै दोस्रो एल्बम तयार पारेको बताएको छ । यो ब्याण्डले पहिलो एल्बम बजारमा आएकै वर्ष हिट्स एफएम अवार्ड र इमेज अवार्डमा बेस्ट ब्यान्ड अफ द इयरको अवार्ड जित्न सफल भएको थियो भने सोही एल्बमको थाकिसकें बोलको गीतमाथि बनेको म्युजिक भिडियोले लामो समयसम्म नेपाली टेलिजिभन च्यानलहरूको हिट लिस्टमा उत्कृष्टस्थान कायम गरेको थियो ।

त्यसै गरी देश विदेशमा आफ्नो भिन्न पहिचान निर्माण गर्न सफल द अग्लिजले २००५ मा सम्पन्न हिट्स एफएम अवार्डमा बेस्ट न्यु आर्टिस्ट अफ द इयर, सोही वर्ष सम्पन्न इमेज अवार्डमा बेस्ट भिजुअल इफेक्ट र २००५ कै ढुकढुक अवार्डस्मा बेस्ट न्यु आर्टिस्ट र एल्बम अफ द इयरको अवार्डलाई आफ्नो बनाउन सफल भएको थियो ।

हार्दिक बधाई तथा शुभकामना

समाजसेवी श्री सुशील अग्रवाललाई सम्मान गर्दै भारतका जलस्रोतमन्त्री श्री हरिश रावत।

समाजसेवी श्री सुशील अग्रवाललाई सम्मान गर्दै नेपालका यातायात मन्त्री श्री छविराज पन्त।

समाजसेवी श्री सुशील अग्रवाल अखिल भारत मानव कल्याण परिषद् दिल्लीद्वारा राजीव गान्धी एक्सिलेन्सी अवार्ड-२०१३ बाट सम्मानित हुनुभएकोमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछौं। राजीव गान्धीका नाममा स्थापित अन्तर्राष्ट्रियस्तरको यो अवार्ड एकजना नेपाली समाजसेवीले प्राप्त गर्दा देशकै इज्जत बढेको महसुस हामीले गरेका छौं। आगामी दिनमा पनि यहाँको सत्कर्मले उचाई प्राप्त गरिरहोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछौं।

नारायणबहादुर श्रेष्ठ
अध्यक्ष
आर्य समाज अन्तर्राष्ट्रिय शाखा नेपाल
परिवार

नेपालको पहिलो महिला टेम्पो चालक श्रीमती लक्ष्मी शर्माद्वारा स्थापित

लक्ष्मी उडक्राफ्ट उद्योगबाट उत्पादित खसीको सिङ, आरूका बिया र काठका बटनहरू

सम्पर्क

महाराजगञ्ज-३, काठमाडौं
फोन : ०१-४३७१४४०
फ्याक्स : ९७७-१-४३७१९७१
Email: lwcu@wlink.com.np

यी बटनहरू ७ हजारभन्दा बढी नमुना उपलब्ध छन्

NAMUNA
COLLEGE OF FASHION TECHNOLOGY

Affiliated to PURBANCHAL UNIVERSITY

Articulated with

Raffles Design Institute, Singapore | Raffles College of Design & Commerce, Sydney, Australia | Griffith College, Dublin, Ireland

NEPAL'S FIRST GRADUATE FASHION COLLEGE

BANSBARI, KATHMANDU, NEPAL | Tel : 4377201, 4377897, 4374738 | URL : www.namuna.edu.np | facebook.com/namuna.bfd